म.जि. प्र. का. द.नं : १०६/०६८, वर्ष १४ अंक १८३ बुधबार, ३० माघ २०८१ ने. सं. ११४५ सिल्लाश्व 12 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

बागमतीका मुख्यमन्त्री लामा दुबई प्रस्थान

हेटौंडा, २९ माघ/बागमती प्रदेश सरकारका मुख्यमन्त्री बहादुरसिंह लामा दुबई प्रस्थान गरेका छन् । युएईमा हुने 'वर्ल्ड गभर मेन्ट समिट २०२५' मा सहभागी हुन मंगलबार साँझ ५:०० बजे फुलाई दुबईको जहाजबाट दुबई प्रस्थान गरेका हुन् । मुख्यमन्त्री लामाले आफू स्वदेश फर्फकुन्जेलसम्मका लागि मुख्यमन्त्रीका कार्यभार कृषि तथा पशुपंक्षी विकासमन्त्री प्रकाश श्रेष्ठलाई जिम्मेवारी दिएका छन् । मुख्यमन्त्री लामाको सिफारिसमा प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले मंगलबार मन्त्री श्रेष्ठलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी तोकेका हुन् । आजदेखि मुख्यमन्त्रीको कार्यभार सम्हाल्न मन्त्री श्रेष्ठलाई जिम्मेवारी तोकिएको बागमती प्रदेश मन्त्रीपरिषद्का प्रमुख सचिव महादेव पन्थले जानकारी दिएका छन् । मुख्यन्त्री लामाको सचिवालयका अनुसार मुख्यमन्त्री लामा आगामी फागुन २ गते साँझमा स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

फागुन १ मा बालमैत्री घोषणा हुँदै प्रदेशको एकमात्र उपमहानगर

साझाकुरा संवाददाता

हेटौंडा, २८ माघ/ बागमती प्रदेशको एकमात्र उपमहानगरलाई बालमैत्री घोषणा गरिने भएको छ । मंगलबार पत्रकार सम्मेलनको आयोजना गर्दै हेटौंडा उपमहानगरलाई आगामी फागुन १ गते बालमैत्री घोषणा गर्न लागेको जानकारी गराइएको हो ।

पत्रकार सम्मेलनमा नगरप्रमुख मीनाकुमारी लामाले विभिन्न सूचक पूरा गरेसँगै हेटौंडा उपमहानगरलाई 'निकृष्ट बालश्रममुक्त, बालविवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त' घोषणा गर्न लागेको बताइन् । बालमैत्री घोषणा कार्यक्रम उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री पृकाशमान सिंहको पमुख आतिथ्यतामा गरिने नगरप्रमुख लामाले संचारकर्मीमाझ बताइन् ।

घोषणा कार्यक्रम अघि बिहान १० बजेबाट बुद्धचोक, राप्तीरोड, हेटौंडा-६ न्यूरेनी पेट्रोलपम्प, स्कुलरोड, बलराम दास पेट्रोलपम्प हुँदै क्यामपा रंगशालासम्म बृहत प्रभातफेरी कार्यक्रमको आयोजना गरिने नगरप्रमुख लामाले बताइन् ।

कार्यक्रमलाई नगरको गौरब, प्रतिष्ठा र शानको विषयको रुपमा लिई यो असिभयानलाई सभ्य र भव्यरुपमा सम्पन्न गर्न सम्पूर्ण नगरबासीले आ-आफ्नो स्थानबाट सहभागी भई सहयोग गर्न लामाले आग्रह गरेकी छन् ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालमैत्री घोषणा कार्यान्वयन कार्यविधि २०७९ ले हेटौंडाको सबै वडा बालमैत्री घोषित भइसकेको बताउँदै नगरप्रमुख लामाले भनिन्, 'हेटौंडाको १९ वटै वडा बालमैत्री घोषित भएसँगै उपमहानगरलाई पनि बालमैत्री घोषणा गर्न लागेको हो ।' बालमैत्री स्थानीय शासनयुक्त नगर समिति तथा घोषणा मूलसमारोह समिति संयोजक समेत रहेकी नगरप्रमुख लामाले बालमैत्री घोषणा गर्न हेटौंडा उपमहानगरका वडामा विभिन्न संरचना बनाइएको बताइन् ।

हेटौंडालाई बालमैत्री बनाउन विभिन्न चुनौती रहेको बताउँदै लामाले सरोकारवाला स्थानीय तहलाई बालमैत्री घोषणा गर्नुभन्दा पनि त्यसलाई निरन्तरता दिनु ठूलो चुनौती रहेको बताइन् । बालमैत्री घोषणा गर्न आवश्यक बालमैत्री स्थानीय शासनका ५१ सूचकमा हेटौंडा उपमहानगरपालिकाले ४३ वटा सूचकमा सतप्रतिशत, एउटा सूचनकमा ९९ दशमलव ९४ प्रतिशत, एउटा सूचकमा ९९ दशमलव ८९ प्रतिशत, एउटा सूचकमा ९९ दशमलव ८७ प्रतिशत, एउटा सूचकमा ९९ प्रतिशत, एउटा सूचकमा ९८ दशमलव ६३ प्रतिशत, एउटा सूचकमा ९६ दशमलव ८४ प्रतिशत, एउटा सूचकमा ९१ प्रतिशत र एउटा सूचक ८८ दशमलव ०६ प्रतिशत नजिता हाँसिल भएको नगरप्रमुख लामाले जानकारी दिइन् ।

पूर्वमा बर्केया गाउँपालिका, पश्चिममा मनहरी र राक्सिराङ गाउँपालिका, उत्तरमा मकवानपुर गढी, भीमफेदी, कैलाश गाउँपालिका र दक्षिणमा मधेश प्रदेशको बारा को उत्तरी सीमानामा पर्ने हेटौंडा उपमहानगरको कुल क्षेत्रफल २६१ दशमलव ५८ वर्ग किलोमिटर रहेको छ । उपमहानगरमा १८ वर्ष भन्दा कम उमेर समूहका ५० हजार १९५ जनसंख्या रहेका छन् । जसमा २६ हजार १४५ बालक र २४ हजार ५० बालिका रहेका छन् । बालबालिकाको संख्यालाई आधार मान्दा ५२ दशमलव ८ प्रतिशत बालक र ४७ दशमलव २ प्रतिशत बालिका रहेका छन् ।

उपमहानगरमा २६५ टोलस्तरीय र १०६ वटा बालसमूह गरी जम्मा ३७१ वटा ३७१ बालसमूह तथा १९ वडास्तरीय र १ नगरस्तरीय गरी २० वटा बालसमूह सञ्जालसहित ३७१ वटा बालबालिकाका संरचना क्रियाशील अवस्थामा छन् । ती विभिन्न संरचनागत समिति समेत गरी ९ हजार ५५० जना बालिबालिकाको प्रत्यक्ष सहभागिता रहेको बताइएको छ । पत्रकार सम्मेलनमा उपप्रमुख राजेश बानियाँ, प्रमुखपृशासकीय अधिकृत, वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरुको पनि उपस्थिति रहेको थियो ।

उपमहानगरलाई फोहोर उठाउन बाटो खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ हेटौंडा उपमहानगरको फोहोर व्यवस्थापन सम्बन्धमा परेको रिट निवेदन उच्चअदालत पाटन हेटौंडा इजलाशले खारेज गरेपछि फोहोर उठाउन बाटो खुलेको छ । मंगलबार न्यायधीश यमुना भट्टराई र सानुमाया डंगोलको संयुक्त इजलासले रिट निवेदन खारेज गरेको हो ।

रिट निवेदन खारेज भएसँगै हेटौंडा उपमहानगरलाई डम्पिड साइटमा फोहोर व्यवस्थापन गर्न बाटो खुलेको छ । गत मंगलबार योगेन्द्रप्रसाद उपाध्यायले दायर गरेको रिट निवेदनमा उच्च अदालत पाटन हेटौंडा इजलाशका न्यायाधीश डा. निर्मला पौडेल भट्टराईले अन्तरिम आदेश जारी गर्दै डम्पिड साइटमा फोहोर नफाल्न भनिएको थियो । उच्चअदालतको अन्तरिम आदेशपछि उपमहानगरले बिहीबार सूचना जारी गर्दै फोहोर संकलनकार्य स्थगित गरिएको नगर बासीमा जानकारी गराएको थियो ।

अदालतले डम्पिड साइटमा फोहोर नफाल्न अन्तरिम आदेश जारी गरेसँगै उपमहानगरले वैकल्पिक व्यवस्था नगरी फोहोर संकलन नै रोकेपछि गत शुक्रबार देखि फोहोर संकलन तथा व्यवस्थापनको कार्य रोकिएको थियो । एकसाताअघि उच्चअदालतले अन्तरिम आदेश जारी गर्दै रिट निवेदन दायर गर्ने पक्ष र रिट निवेदनमा विपक्षी बनाइएको उपमहानगरपालिका र ग्रीन एण्ड क्लिन सिटी सर्विसेज प्राली दुबै पक्षलाई माघ २९ गते मंगलबार अदालतमा छलफलका लागि बोलाएको थियो ।

मंगलबार रिट निवेदकको तर्फबाट अधिवक्ता अज्मीर केसीले बहस गरेका थिए । विपक्षी हेटौंडा उपमहानगरपालिकाको तर्फबाट उपमहानगरका कानुन अधिकृत लक्ष्मण मैनाली र कानुनी सल्लाहकार बरिष्ठ अधिवक्ता ईश्वरराज ढकाल, ग्रीन एण्ड क्लिन सिटी प्रालिको तर्फबाट बरिष्ठ अधिवक्ता धुवप्रसाद चौलागाई, अधिवक्ता मदनप्रसाद दाहाल, मनप्रसाद भट्टराई र बालकृष्ण अधिकारीले बहस गरेका थिए ।

उच्चअदालतले रिट निवेदन खारेज गरेसँगै डम्पिड साइटमा फोहोर व्यवस्थापन गर्न सकिने भएको छ । अब हेटौंडा उपमहानगरपालिकाले फोहोर संकलनको कार्य नियमित गर्ने अपेक्षा गरिएको छ ।

त्रिभुवन राजपथ दुइतर्फी सुचारु

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ सोमबार ग्यास बुलेट दुर्घटना भएका कारण एकतर्फी मात्रै संचालनमा रहेको त्रिभुवन राजपथअन्तर्गत हेटौंडा-भैंसे सडकखण्ड मंगलबार अपराह्नदेखि दुईतर्फी सुचारु भएको छ ।

हेटौंडाबाट भैंसेतर्फ ग्यास बोकेर जाँदै गरेको एनएल ०१ के ११९७ नम्बरको १२ चक्के भारतीय बुलेट गाडी सोमबार भीमफेदी गाउँपालिका-१ स्थित मन्दिर नजिकै दुर्घटना हुँदा बाटो एकतर्फी मात्रै सुचारु भएको थियो ।

ग्यास बुलेट मंगलबार दिउँसो साढे २ बजेको समयमा क्रेनको सहायतामा उठाई बाटो दुबैतर्फ संचालनमा ल्याएको मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए । ग्यास बुलेट उठाउने क्रममा हुनसक्ने जोखिमलाई मध्यनजर गर्दै केही समयका लागि हेटौंडा-भैंसे सडकखण्डमा सार्वजनिक सवारी र पैदलयात्रीलाई रोकिएका थिए ।

प्रहरी नायवउपरीक्षक अर्यालका अनुसार, ग्यास बुलेट दुर्घटनामा परेर मानवीय क्षति भने भएको छैन । ग्यास बुलेट उठासकेपछि चितवनको भरतपुर महानगर पालिका-३, कमलनगर बस्ने वर्ष ३१ को रोशन थापा क्रेनबाट लडेर घाइते भएका छन् । घाइते थापाको मकवानपुर सहकारी अस्पताल हेटौंडामा उपचार भइरहेको छ । उनको अवस्था मध्यम रहेको प्रहरी नायवउपरीक्षक अर्यालले जानकारी दिएका छन् ।

तरहराका साइकलयात्रीलाई बिदाई

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ तरहरा साइक्लिङ क्लब इटहरीको आयोजनामा स्वास्थ्य, पर्यावरण, पर्यटनको निम्ति साइकल भन्ने नारा लिएर महाकालीदेखि मेचीसम्म साइकलयात्रा गर्ने क्रममा सोमबार साँझ हेटौंडा आइपुगेका साइकलयात्रीलाई मंगलबार बिदाइ गरिएको छ ।

हिमालयन राइडर्स सोसाइटी, साइकल सिटीका सदस्यहरुले तरहराका साइकलयात्रीलाई हेटौंडाको बुद्धचोकमा स्वागत गरेका थिए । मंगलबार एचआईडीसम्म सहयात्रा गर्दै बिदाई गरिएको सोसाइटीका अध्यक्ष राजु थापामगरले जानकारी दिए । मकवानपुर हुँदै आउने/जाने साइकलयात्रीलाई मकवानपुर भित्र रहेका ऐतिहासिक, धार्मिक र पर्यटकीय क्षेत्रको बारेमा जानकारी गराउने र समय मिलेसम्म नजिकका ठाउँलाई अवलोकन गराउने कार्य गर्दै आएको अध्यक्ष थापामगरले बताए ।

२०५४ सालमा मकवानपुरका ११ जनाको टिमले मेची-महाकाली साइकलयात्रा गरेका थिए । त्यो यात्रा गरेको २५ वर्ष पुरा भएको अवसर पारेर पहिलाको टिममध्य लक्ष्मीचरण श्रेष्ठ र भानुभक्त आचार्यले दोस्रो पटक मेची-महाकाली साइकलयात्रा गरेका थिए । गतवर्ष सोसाइटीका ११ जना र बुटवलबाट २ जना गरी १३ जनाले मेची/महाकाली गरेका थिए । केही महिनाअघि सोसाइटीका कृष्णप्रसाद आचार्य (६९ वर्ष), पृथ्वी रायमाझी (६२ वर्ष) र बरुण खतिवडा (५७ वर्ष) ले मेची-महाकाली साइकलयात्रा गरेका थिए ।

१३ केजी अफिम, १ लाख ३३ हजार रुपैयाँसहित

मकवानपुरका २ जना प्रहरीको नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ मकवानपुरको मनहरीका एक र कैलाशका एक गरी दुइजनालाई लागूऔषध अफिमसहित बाराको पथलैयामा प्रहरीले पकाउ गरेको छ ।

स्कुटीको डिक्कीभित्र लुकाईछिपाई लगिरहेको लागूऔषध अफिम र नगद १ लाख ३३ हजार ६५५ रुपैयाँ बरामद गरी २ जनालाई नियन्त्रणमा लिई आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ । स्कुटीचालक मकवानपुर मनहरी गाउँपालिका-६ बस्ने वर्ष ५४ को सूर्यबहादुर मोक्तान र स्कुटी पछाडि बस्ने कैलाश गाउँपालिका-८ बस्ने वर्ष ४५ को भीमबहादुर मोक्तान लागूऔषध अफिम र नगदसहित पकाउ परेको बारा प्रहरीप्रवक्ता तथा प्रहरी नायवउपरीक्षक प्रकाश सापकोटाले जानकारी दिएका छन् ।

विशेष सूचनाको आधारमा मंगलबार बिहान ७:३० बजेको समयमा प्रहरीचौकी पथलैयाबाट खटिएको प्रहरी टोलीले जीतपुर सिमरा उप-महानगरपालिका-१ पथलैयाचोकबाट दुईजनालाई पक्राउ गरिएको बारा प्रहरीले जनाएको छ । हेटौंडाबाट वीर गंजतर्फ जाँदै गरेको प्रदेश २-०३-००१ प १६१४ नम्बरको स्कुटीलाई रोक्न खोज्दा नरोकी फरार भएको र स्कुटीलाई ईलाका प्रहरी कार्यालय सिमरा र प्रहरीचौकी पथलैयाबाट संयुक्तरुपमा खटिएको प्रहरीटोलीले पच्छ्याउँदै जाने क्रममा सिमरा बजार स्थित सूर्य नेपाल अगाडि राजमार्गमा फेला पारिएको प्रहरीले जानकारी दिएको छ ।

विशेष सूचनाको आधार मा मिति २०८१ माघ २८ गते र ति १०:२० बजेको समयमा ईलाका प्रहरी कार्यालय अमलेखगंज बाराबाट प्रहरी बरिष्ठ नायवनिरीक्षक टेकबहादुर कार्कीको कमाण्डमा खटिएको प्रहरी टोलीले जीतपुरसिमरा उपमहानगरपालिका-२१ अमलेखगंज चोकबाट लागूऔषध गाँजा बरामद गरेको छ ।

हेटौंडाबाट वीरगंजतर्फ जाँदै गरेको नम्बर नखुलेको मोटर साइकल चालकले प्रहरीटोलीलाई देखेपछि झोला फालेर फरार भएको बारा प्रहरीले बताएको छ । झोला खोलेर हेर्दा २ वटा पोकामा २८ केजी लागूऔषध गाँजा बरामद गरी आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइएको बताइएको छ ।

मंगलबार बिहान ९:३० बजेको समयमा ईलाका प्रहरी कार्यालय बाराको अमलेखगंजबाट प्रहरी बरिष्ठ नायवनिरीक्षक काकीको कमाण्डमा खटिएको प्रहरीटोलीले जीतपुरसिमरा उपमहानगर-२१ अमलेखगंजचोकमा हेटौंडाबाट वीरगंजतर्फ जाँदै गरेको बा.प्र.०२-०४४ प ६७५५ नम्बरको २२० सीसीको पल्सर मोटरसाइकलमा सवार २ जना व्यक्तिले प्रहरीटोलीलाई देखेर झोला र मोटरसाइकल छोडेर फरार भएको प्रहरीले बताएको छ । झोलाभित्र २ वटा पोकामा २७ केजी लागूऔषध गाँजा बरामद गरी आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइएको बारा प्रहरीले जनाएको छ ।

हेटौंडा आईडल

Construction Expo-2

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोश्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव-२०८१ हुन गईरहेको छ । सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागुन २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ ।

सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

खुट्टा कमाउने कि हात ?

हाम्रो समाजमा ठूला भ्रष्टाचारी कारबाहीमा पर्ने गरेका छैनन् र सानातिना अर्थहिन खालका मात्र पक्राउ पर्ने र सजायको भागिदार बन्ने गरेका छन् । अबौं रकम कुम्ल्याउने सुकिलामुकिलाहरु सत्तामा रहन्छन् र सानातिना भ्रष्टाचारीहरु कानुनको फन्दामा पर्रिरहेका छन् । संगठित अपराध गर्ने, नीतिगत भ्रष्टाचार गर्ने शक्तिशाली व्यक्ति वा समूह हुने गरेको छ । सदाबहार शक्तिकेन्द्रमा रहने व्यक्ति पक्राउ गर्न फलामकै मुटु चाहिन्छ हाम्रो समाजमा । जीविकोपार्जन गर्ने क्रममा सानातिना भिनामसिना घुसखोरी भने कानुनको नजरबाट बच्न सक्दैन । यो भनिरहँदा सानातिना भ्रष्टाचारीलाई उमुक्ति दिनुपर्छ भन्ने हुँदै होइन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठन भएको ३४ वर्ष भयो तर, यो ३४ वर्षको अवधिमा भएको ठूला घटनामा संलग्न व्यक्ति पक्राउ परेका छैनन् । तीन तहका सरकारमा रहेका भ्रष्टाचारीलाई कारबाही हुन सकेको छैन । तलदेखि माथिसम्म भ्रष्ट मानसिकताको शिकारले गाँजेको छ । सबैभन्दा बढी भ्रष्टाचार हुने निकाय कुन हो भनेर पनि सबैलाई थाहा छ ।

बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले भ्रष्टाचार नियन्त्रणका लागि कामकारबाही अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई खुट्टा नकमाउन आग्रह गरेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४ औं वार्षिकोत्सवको अवसरमा प्रमुख देवकोटाले अख्तियारले ठुला र संस्थागत भ्रष्टाचारका मुद्दामा हातहाल्न हिचकिचाउने गरेको छ भन्ने आरोपलाई चिरेर काम गर्नुपर्नेमा जोड दिएका छन् । यी आरोपलाई गलत साबित गराउन साना/ठुला सबैखाले भ्रष्टाचारी माछालाई पक्रिन सक्नु पर्दछ । जनताको निराशा चिर्दै भ्रष्टाचारविरुद्ध खरो उत्रिएर जनताको विश्वास जित्न सक्नुपर्दछ । बेईमानीकाविरुद्धको कदमचाल्ने कुरामा खुट्टा नकमाउन आग्रह गर्न चाहन्छु भनेर उनले मानवबाट हुने विवेकहिनताको परिणाम र सृजना हुने भ्रष्टचारविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले गरेको कामको प्रशंसा गरेका छन् । उनले कार्यालयको कामकारवाहीबाट देशमा सुशासन कायम गर्न महत्वपूर्ण योगदान दिने अभिलाषा लिएको बताएका छन् । प्रदेशप्रमुख देवकोटाले भ्रष्टाचार जधन्य अपराध भएको भन्दै यसको निन्दा कुनै शब्दमा लिन नसकिने बताए । देश, जनता र सुशासनविरुद्ध कानुनविपरित जाने जोकसैलाई सुक्ष्म अनुसन्धान र निष्पक्ष कारबाही प्रक्रियामा अघि बढाउनुपर्ने देवकोटाले बताए । सकारात्मक र महसुश गर्न सकिने परिणामजन्य कार्यको लागि परिवर्तन हुन जरुरी रहेको उनको भनाई छ । युवाजगतको मुख्य निराशा कार्यसम्पादनमा देखिएको सुस्तता रहेको देवकोटाले बताए । यसले परिणाममुखी सोच राख्ने सबैलाई निराश बनाउने उनको धारणा छ । द्रुतरुपमा परिवर्तनकारी देशको तुलनामा हाम्रा कदमहरु ढिलासुस्ती भएका हुन् की ? हामीले गम्भीर भएर सोच्नु पर्दछ भनेका छन् । भ्रष्टाचार विरुद्धको कारबाहीको बिकल्प नै नभएको प्रदेशप्रमुख देवकोटाले बताए ।

भ्रष्टाचारीले कुनैपनि हालतमा मुक्ति पाउन नुहेन भन्दै भ्रष्टाचार हुन नदिन ईमान्दारिता, पारदर्शिता र सुशासनका विषय वस्तु विद्यालय र कलेजका पाठ्यक्रमा बृहतरुपमा समावेश गरिनुपर्ने उनको भनाई छ । अख्तियारी वा निर्णय गर्ने हैसियतका व्यक्तिलाई नियमित रुपमा सम्भाजित भ्रष्टाचार रोक्न परामर्श अर्थात काउन्सिलिङ कक्षाहरु सञ्चालन गरिनुपर्ने उनी बताउँछन्। सुशासन, पारदर्शिता र इमानदार शासन प्रणाली साझा जिम्मेवारीभित्रको विषय हो । भ्रष्टाचार नियन्त्रण कार्यमा केबल अख्तियारको मात्रै जिम्मेवारी भने होइन । नागरिक समाजको पनि उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ । सरकार, नागरिक समाज, निजीक्षेत्र र समुदायको साझा संकल्प हुनुपर्छ अनिमात्र भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मक्वानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५४०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४१०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बबइबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९५७८७
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाइ बाल अस्पताल	९८४५२९६४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन १ गते बिहीबार १३ फेब्रुअरी २०२५ । प्रतिपदा, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:४५, सूर्यास्त ५:५३ । विश्व रेडियो दिवस । फाल्गुण संक्रान्ति । जनयुद्ध दिवस ।

आजको राशिफल

मेष	: सहयोगीको साथ पाइनेछ	**तुला**	: प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ
वृष	: रोकिएका काम बन्ने योग छ	**वृश्चिक**	: समय उत्साहवर्द्धक छ
मिथुन	: लगानीको अवसर जुटनेछ	**धनु**	: आम्दानी बढ्नेछ
कर्कट	: यात्रा अघि बढ्न सक्नेछ	**मकर**	: पितृधन लाभ हुनेछ
सिंह	: वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ	**कुम्भ**	: नयाँ ज्ञान प्राप्त हुनेछ
कन्या	: छिमेकमा असमझदारी बढ्नेछ	**मीन**	: कृषिमा हानि हुनेछ

केन्द्रबाटै प्रदेश र स्थानीय तहमा 'सिफ्ट' भएको भ्रष्टाचार

✍सागर पण्डित

संघीय लोकतान्त्रिक गणतन्त्र संरै केन्द्र, प्रदेश र स्थानीय तह गरी तीन ओटा सरकारको अभ्यास हुँदै आयो । केन्द्रकृत शासन प्रणालीमा केन्द्रीय सरकारमा व्यापक भ्रष्टाचार हुने गरेको थियो त्यही रोग संघीय शासन पछि बनेका प्रदेश सरकार र स्थानीय सरकारमा पनि सरेको छ । यसको प्रमुख कारण नै भ्रष्टाचारको संस्थागत संरक्षण र दण्डहीनतालाई लिनुपर्ने सुशासनका विज्ञहरूको तर्क छ । यसो त केन्द्रिकृत शासन प्रणालीमा रहेका स्थानीय निकायमा पनि भ्रष्टाचारका घट्नाहरू भइरहन्थे तर संघीय शासन पछि बनेका स्थानीय तहहरूमा ठूलो मात्रामा बजेट पठाउन थालिएपछि अहिले सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा नै हुने गरेको पाइन्छ ।

सुशासन कायम हुन नसक्दा र भ्रष्टाचारीलाई कारवाही नभई दण्डहीनता मौलाउँदा धेरै बजेट भएका स्थानीय तहहरू भ्रष्टाचारले थलिन पुगेका छन् भने त्यही रोग विस्तारै विस्तारै प्रदेश सरकारमा पनि सर्न थालेको छ । यद्यपि, केन्द्रीय सरकारमा समग्र मुलुकलाई दूरगामी असर पार्ने गरी ठूला नीतिगत भ्रष्टाचार हुने गरेका छन् । त्यसैले ठूला भ्रष्टाचार काण्ड बढी मात्रामा केन्द्रीय सरकारमा नै हुने गरेको तथ्यलाई नकार्न सकिँदैन । उच्च तहमा सबै पक्षको मिलेमतोमा नै नीतिगत तहका भ्रष्टाचार हुने भएकाले त्यस्ता घट्ना हत्तपत्त सार्वजनिक हुन सक्दैन । सबैको मिलेमतोमा त्यस्ता ठूला भ्रष्टाचार सामसुम पार्ने गरिएको देखिन्छ ।

महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा गरेको तिनवटै सरकार तथा अन्य संगठित संस्थाहरूको लेखा परीक्षणका क्रममा सबैभन्दा बढी बेरुजु केन्द्रीय सरकारकै देखिएको छ । महालेखाले देशभरका सबै निकाय गरी ५ हजार ६ सय ५ वटा सरकारी कार्यालयको ७८ खर्ब ८१ अर्ब ६० करोडको लेखापरीक्षण गर्दा ९५ अर्ब ६० करोड २१ लाख बेरुजु आयो । यो आर्थिक अराजकता नै हो ।

तीनवटै सरकारमा व्याप्त आर्थिक अराजकतामध्ये सबैभन्दा बढी बेरुजु केन्द्रीय सरकारका निकायहरूमा नै देखिएको छ । जहाँ कुल बेरुजु ४६ अर्ब ५४ करोड रहेको छ । यसै गरी स्थानीय सरकारहरूमा ३१ अर्ब बेरुजु देखिएको छ भने प्रदेश सरकारका ६ अर्ब ५७ करोड बेरुजु देखिएको छ । यस्तै, संघीय संस्था र समितिहरूमा १० अर्ब ६४ करोड र प्रदेश सरकारका संस्था समिति र अन्य संस्थामा ८४ करोडको बेरुजु देखिएको छ । बेरुजुलाई पूरै भ्रष्टाचार मान्न त सकिँदैन तर पनि प्रक्रिया नपुऱ्याई, नियमविपरीत खर्च गर्दा नै बेरुजु आउने गर्छ । तीनवटै सरकारमा देखिएको बेरुजुको भयावह रूप विश्लेषण गर्दा तिनवटै सरकारमा भ्रष्टाचार र अनियमितता व्यापक रूपमा हुँदै आइरहेको सहजै अनुमान गर्न सकिन्छ ।

सबै सरकारका गरी हालसम्म बेरुजु झण्डै १३ खर्ब पुगिसकेको छ । महालेखा परीक्षक कार्यालयको ६१ औं वार्षिक प्रतिवेदनअनुसार सबै सरकारी निकायको सार्वजनिक जवाफदेहिता निकै कमजोर छ । सार्वजनिक निकायहरूमा उत्तरदायित्व, पारदर्शीता र निष्पा प्रवर्द्धन गर्नुपर्ने आवश्यकता बढेको महालेखाको निष्कर्ष छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजुरीको संख्या हेर्दा सबैभन्दा बढी भ्रष्टाचार स्थानीय तहमा हुने गरेको पाइए पनि नीतिगत तहमा केन्द्रमा बीढ भ्रष्टाचार हुने र त्यस्तो भ्रष्टाचार कतिपय गोप्य रहने र कतिपय सार्वजनिक हुन वर्षौं लाग्ने भएकाले पनि केन्द्रको भ्रष्टाचार कम देखिएको हो । उदाहरणको लागि ललितानिवास जग्गा प्रकरणमा भएको अनियमितताले हेर्न सकिन्छ ।

जहाँ भएको अनियमितता वर्षौं पछिमात्रै सार्वजनिक भएको थियो । महालेखाको प्रतिवेदन अनुसार केन्द्रका १० वटा मन्त्रालय र मातहतका निकायमा बढी बेरुजु देखिएको छ । यस अर्थमा ती निकायमा आर्थिक अराजकता बढी छ । जसमा अर्थ मन्त्रालय र मातहतका निकाय एक नम्बरमा छन् । त्यसै गरी दोस्रो नम्बरमा आर्थिक अराजकता बढी हुनेमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र मातहतका निकाय छन् भने तेस्रो नम्बरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र मातहतका निकाय छन् ।

यसै गरी आर्थिक अराजकता बढी देखिएका अन्य मन्त्रालय र मातहतका निकायमा क्रमशः ऊर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय, सहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय,भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय, गृह मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालय रहेका छन् । उता, प्रदेश सरकारहरूमा सबैभन्दा बढी आर्थिक विकृति मधेस प्रदेशमा रहेको महालेखाले औंल्याएको छ । यस्तै स्थानीय तहमा भने महानगरपालिका, उपमहानगरपालिका र नगर पालिकामा बढी आर्थिक विकृति रहेको महालेखाको ठहर छ ।

नेपालमा भ्रष्टाचार विरुद्ध धेरै पहिलेदेखि नै आवश्यक कदम चालिँदै आइएको भए पनि त्यो खासै प्रभावकारी हुन सकेको छैन । मुलुकी ऐनमा पहिलोपटक भ्रष्टाचार सम्बन्धी प्रावधानहरू उल्लेख गरिएका थिए । भ्रष्टाचारसम्बन्धी पहिलो कानुन भने भ्रष्टाचार निवारण ऐन २००९ थियो । तर, सो ऐनको प्रभावकारी कार्यान्वयन हुन सकेन । यसै गरी पहिलोपटक ऐन जारी भएको झण्डै पाँच दशकपछि २०५९ सालमा फेरि नयाँ भ्रष्टाचार निवारण ऐन जारी भयो । यो ऐनको पनि सशक्त कार्यान्वयन हुन नसक्दा नेपालमा भ्रष्टाचार घट्नुको साटो झन् बढ्दै र झाँगिदै गएको पाइन्छ । अख्तियारकै अनुसन्धान प्रतिवेदनले अहिले पनि कैयौं सरकारी कार्यालयमा सेवा लिँदा अतिरिक्त रकम (घुस) दिनुपर्ने बाध्यता रहेको देखाएको छ । यस्ता कार्यालयहरूमा केन्द्र र स्थानीय तह मातहतका कार्यालय बढिरहेका छन् ।

अख्तियारको सो अध्ययन प्रतिवेदन अनुसार अहिले पनि खानेपानी कार्यालय, आन्तरिक राजस्व कार्यालय, जिल्ला प्रशासन कार्यालय, नापी कार्यालय, नगरपालिका र गाउँपालिका कार्यालय, मालपोत कार्यालयलगायतमा घुसको लेनदेन अत्यधिक हुने गरेको छ । त्यसै गरी जिल्ला प्रहरी कार्यालय, सडक कार्यालय, यातायात कार्यालय, वैदेशिक रोजगारसम्बन्धी कार्यालयमा पनि घुसको लेनदेन हुने गरेको अख्तियारको प्रतिवेदनले औंल्याएको छ । घुस खानेहरूले विभिन्न किसिमका नयाँ तरिकाहरूसमेत अपनाउने गरेका छन् । जसका कारण ओभरसाइट एजेन्सीबाट उनीहरू सजिलैसँग उम्किरहेका छन् । अहिले केन्द्रदेखि प्रदेश र स्थानीय तहमा एकै किसिमका भ्रष्टाचारका प्रवृत्ति देखापरेका छन् । जसमा सार्वजनिक सम्पतिको हिनामिना गर्ने, घुस रि सवत लिने, दिने, गैरकानुनी सम्पत्ति आर्जन गर्नेजस्ता कार्यहरू सरकारी निकायमा अधिक रूपमा देखिने गरेको अख्तियारका अनुसन्धान अधिकृतहरूको अनुभव छ ।

यसै गरी इट्टा विवरण पेस गरी सरकारी नियुक्ति लिने, सार्वजनिक जग्गा व्यक्ति विशेषको नाममा दर्ता गर्ने, बदनियतपूर्वक व्यक्तिगत लाभका लागि सार्वजनिक खरिद तथा निर्माणका काम गरी सरकारलाई हानि पुऱ्याउने, गलत लिखत वा प्रतिवेदन बनाउने, कागजात सच्याउनेलगायतका भ्रष्टाचारका प्रवृत्ति तीनवटै सरकारका निकायहरूमा देखिने गरेको अख्तियारको अनुसन्धानले देखाएको छ । अख्तियारका अनुसन्धान अधिकारीहरूका अनुसार तिनै तहमा उत्तीखाले भ्रष्टाचार रहेका र केन्द्रमा नीतिगत तह, र ठूला ठूला विकास निर्माणका कार्यमा तथा प्रदेश तहमा अनुदान वितरणमा बढी अनियमितता हुने गरेको छ भने स्थानीय तहमा विकास निर्माणका कार्यमा बढी अनियमितता हुने गरेको छ भने स्थानीय तहमा विकास निर्माणका कार्यमा बढी अनियमितता हुने गरेको छ । संघीयता आएपछि केन्द्रबाट प्रदेश र स्थानीय तहमा बजेट तथा कार्यक्रम प्रवाह भएसँगै केन्द्रको भ्रष्टाचारको प्रवृत्ति प्रदेश र स्थानीय तहमा सिफ्ट भएको सुशासनका जानकारहरूको भनाइ छ ।

(साभारः न्यूज अफ नेपाल)

ग्यास सिलिन्डर आफैं पड्किँदैन

✍किशोरकुमार भट्टराई

नेपालमा खाना पकाउने एलपी ग्यास (तरलीकृत पेट्रोलियम ग्यास) को आधिकारिक आयातकर्ता नेपाल आयल निगममात्र हो । निगमले ग्यास उद्योग व्यवस्थित गरी ग्यास सर्वसुलभ बनाउन 'एलपी ग्यास बिक्रेता वितियमावली २०६५' जारी गरी आधिकारीक बिक्रेता मार्फत नेपालमा ग्यास बिक्री वितरण गर्दै आएको छ । यसको अनुगमन र नियन्त्रण आयल निगम आफैंले गर्छ । नेपालमा प्रयोग गरिने एलपी ग्यासमा 'प्रोपेन' र 'बुटेन' को मात्रा मिश्रण हुन्छ । बुटेन गर्मी ऋतुमा राम्रोसँग बल्छ । प्रोपेन चिसो ठाउँमा पनि राम्रोसँग बल्छ । चिसो र तातो दुवै मौसममा समान किसिमले बल्न यसमा यी दुवै पदार्थको सम्मिश्रण गरिएको हुन्छ ।

ग्यास सिलिन्डरको ८५ प्रतिशत भागमा तरल पदार्थ अर्थात् तरल ग्यास भरिएको हुन्छ । १५ प्रतिशत भाग ग्यास बन्न छुट्याइएको हुन्छ । सिलिन्डरमा ग्यास उत्पादनभन्दा बढी खपत गरेको अवस्थामा सिलिन्डरको बाहिरी भागमा आइस जम्छ । नेपालका सहर तथा ग्रामीण भेगमा समेत खाना पकाउन एलपी ग्यास प्रयोग गर्ने गरेको पाइन्छ । यसको बजार हिनहुँ बढ्दै गइरहेको छ । पछिल्लो १० वर्षयता ग्यास आयात तीन गुणाले बढेको आयल निगमको तथ्यांकले देखाउँछ । नेपालमा हाल करिब ६२ गरि पिपिलिङ प्लान्ट सञ्चालनमा छन् । तीमध्ये ४६ ले मात्र नेपाल गुणस्तर प्रमाण चिह्न पाएका छन् ।

ग्यास अत्यधिक प्रज्वलनशील पदार्थ हो । हरेक घरको भान्सा पुग्ने ग्यास सुरक्षाबारे धेरै कमलाई मात्र जानकारी छ । प्रायः सबै उपभोक्ताको मनमा रहेको डर ग्यास सिलिन्डर पड्किन्छ भन्ने हो । ग्यास सिलिन्डर आफैं पड्किँदैन । असुरक्षित प्रयोग गरियो भने वा अन्य कुनै विशेष अवस्था आएमात्र यो विस्फोट हुन सक्छ । विशेष अवस्था भन्नाले सिलिन्डरमा अत्यधिक दबाब परे, ग्यास चुहावट भए वा सिलिन्डरलाई आगोले भेटेको अवस्थालाई बुझिन्छ । यसलाई अंग्रेजीमा 'बीएलबीमी' भनिन्छ । बी भनेको बोइलिङ (उम्लिनु), एल भनेको लिक्विड्ड (तरल), ई भनेको एक्स्पान्डिड (विस्तार), भी भनेको भेपोर (वाष्प) र ई भनेको एक्स्लोजन (विस्फोट) हो । यसको अर्थ उम्लँदो तरल विस्तारबाट हुने वाष्प विस्फोट हो ।

यसको प्रयोग, ढुवानी (ओसार पसार) र भण्डारणमा गरिने लापरवाही अरू भन्दा सिलिन्डरप्रति गरिने दुर्व्यवहारका कारणमात्र सिलिन्डर पड्किन्छ । हामी हाम्रो असावधानी, लापरवाही, गल्ती र सुरक्षा मापदण्ड पालना नगरी उपयोग, ढुवानी र भण्डारणका कारण पड्किएको ग्यासको दोष सिलिन्डरलाई दिएर आफू पानीमाथिको ओभानो भइराखेका छौं ।

आयल निगमको तथ्यांक अनुसार नेपालमा हालसम्म १ करोड २५ लाख हाराहारी ग्यास सिलिन्डर छ । सिलिन्डर आफैं पड्किने हो भने यत्रो संख्यामा भएको सिलिन्डर दिनहुँ पड्किनुपर्ने हो । किन हामी कहिलेकाहीँ मात्र सिलिन्डर पड्केको समाचार सुन्छौं । किनकि, सिलिन्डर निर्माण गर्दा नै दोहोरो सुरक्षा अवधारणा अपनाइएको हुन्छ ।

सिलिन्डर सुरक्षाका लागि निर्माता कम्पनीले नै ग्यारेन्टी गरेको हुन्छ । जुन कुरा सिलिन्डरमा उल्लेख गरिएको हुन्छ । सिलिन्डरमा भएको रिड तीन वटा पातामा अडिएको हुन्छ । यो पातालाई डाटा प्लेट भनिन्छ । यस प्लेटमा सिलिन्डर सम्बन्धी विवरण उक्त पातामा कुँदिएर लेखिएको हुन्छ । सिलिन्डर बनेको वर्ष, सिलिन्डर प्रयोग अवधि म्याद उल्लेख गरिएको हुन्छ । त्यसैगरी सिलिन्डर उत्पादक कम्पनीको नाम र लोगो हुन्छ । यसमा ग्यास भर्ने कम्पनीको नाम र लोगो । सिलिन्डरको सिरियल नम्बर । सिलिन्डर जाँच गरिएको मिति । सिलिन्डरको खाली तौल । यसमा भरिने ग्यासको तौल । सिलिन्डरमा पानी अट्ने क्षमता जसबाट सिलिन्डरमा कति ग्यास अट्छ भन्ने हिसाब निकाल्न सकिन्छ । काम सकिएपछि रेगुलेटर बन्द गर्नुपर्ने आदि । ग्यास सिलिन्डर सुरुमा १० वर्ष प्रयोग गर्न सकिन्छ । त्यसपछि कम्पनीले सिलिन्डरको 'हाइड्रो स्टयाटिस टेस्ट' (सिलिन्डरमा पानी सहित हावाले प्रेसर दिएर फुलाएर गरिने परीक्षण) गर्दा सिलिन्डर पड्किएन भने पुनः ५ वर्षका लागी यो सिलिन्डर प्रयोग योग्य हुन्छ ।

सिलिन्डरको अन्तर्राष्ट्रिय सुरक्षा मापदण्ड अनुसार जुनसुकै प्रकारको सिलिन्डर एक ठाँउमा मात्र 'ज्वाइन्ट' (जोडेको) हुनुपर्दछ । हाई प्रेसर ग्यास स्टोर गर्ने सिलिन्डरमा विनाज्वाइन्टको सिलिण्डर हुनुपर्दछ । जस्तै, अक्सिजन र कार्बनडाइअक्साइड सिलिन्डरमा कही पनि जोडाइ हुँदैन । ग्यास सिलिण्डर 'सबमर्ज्ड आर्क वेल्डिड प्रोसेस' बाट वेइल्डिड गरिएको हुन्छ । यो वेल्डिड सिलिन्डरको पाताभन्दा पनि बलियो हुन्छ । जुन अटोमेटिक वेल्डिड विधिबाट गरिन्छ । सुरक्षाका लागि सिलिन्डरको प्रेसर लाई वर्किङ प्रेसर, टेस्टिड प्रेसर र बर्स्टिड प्रेसर गरी तीन भागमा बाँडिएको हुन्छ । ग्यास सिलिन्डरले जति प्रेसरमा काम गर्छ, त्यसको १ सय ५० प्रतिशत बढी क्षमताको प्रेसरमा सिलिन्डर टेस्ट गरिन्छ । सिलिन्डर निर्माण गर्दा यसको वर्किङ प्रेसरभन्दा दुई गुणा अर्थात् २ सय प्रतिशत बढी क्षमताको पाताले सिलिन्डर बनाइन्छ ।

यसबाट के प्रष्ट हुन्छ भने सिलिन्डर आफैं पड्किँदैन । हामीले प्रयोग गर्दा सुरक्षा सावधानी नअपनाउँदा आगलागी हुन्छ । सिलिन्डर आगलागी भएको स्थानमा रहँदा आगोका कारण सिलिन्डरभित्र रहेको तरल ग्यासको तापक्रम बढ्छ र सिलिन्डर पड्किन्छ । हामीकहाँ ग्यास उपभोक्तालाई यसको सुरक्षा सम्बन्धी कुनै पनि प्रकारको जानकारी ग्यास बिक्रेताले दिने गरेको पाइँदैन । ग्यास बिक्रेता आफैं पनि ग्यास सुरक्षा सम्बन्धी तालिम प्राप्त छैनन् । ग्यास बिक्री स्थलमा अग्नि नियन्त्रण औजार उपकरण 'फायर एक्सटिन्गुइसर' सहित सुरक्षा व्यवस्था छैन । ग्यास डिपो राख्ने मापदण्ड पनि छैन । घना बस्तीबीच आवासीय घरमा ग्यास डिपो हुन्छन् ।

घरको भुईं तलामा ग्यास गोदाम र माथिल्लो तलामा मान्छे बस्ने गरेको पाइन्छ । यसबाट ग्यासको सुरक्षा संवेदनशीलता र हाम्रो चेतनास्तर प्रष्ट हुन्छ । कुन स्थानीय तहमा कहाँ कति वटा ग्यास डिपो छन्, ती ग्यास डिपोले कति संख्यामा सिलिन्डर भण्डारण गर्छन्, मासिक कति खपत हुन्छ, यसबाट त्यस क्षेत्रमा कस्तो अरिन जोखिम हुन्छ, यस्तो जोखिम न्यूनीकरण गर्न के कस्तो कार्यक्रम ल्याउनुपर्छ भन्ने तथ्यांक र योजना हामीसँग छैन । सुरक्षाका लागि उपभोक्ताले सिलिन्डर खरिद गर्दा सिलिन्डरको म्याद तथा यसको भौतिक अवस्थाको सूक्ष्म जाँच गर्नुपर्छ । आगलागी जोखिमबाट बच्न भान्सामा खाना पकाउने काम सकिएपछि अनिवार्य रेगुलेटर बन्द गर्नुपर्छ, जुन कुरा सिलिन्डरमा नै लेखिएको हुन्छ । अधिकांश उपभोक्ताले रेगुलेटर बन्द गर्ने गरेको पाइँदैन । यसका कारणबाट पनि आगलागी हुने गरेको छ ।

एलपी ग्यासको आफैमा कुनै रङ र गन्ध हुँदैन । ग्यास लिक (चुहिएको) थाहा पाउन सुरक्षाका लागि ग्यासमा 'इथाइल मर्कप्टन्स' गन्ध आउने रसायन मिसाइन्छ । संसारभरि नै एलपी ग्यासलाई सुरक्षित ग्यास मानिन्छ । यो ग्यास हावाभन्दा गह्रौंगो हुन्छ । सिलिन्डरमा भएको 'सेफ्टी क्याप' ले १८ किलो प्रेसर थेग्न सक्छ । जबकि, सिलिन्डरमा ८ देखि १० किलोमात्र ग्यास भरिन्छ । सिलिन्डरको भल्भ लिक भए यो क्याप प्रयोग गरी लिक रोक्न सकिन्छ । पर्याप्त मात्रामा अक्सिजन नपाइ एलपी ग्यास बल्दैन । घरमा ग्यास लिक भएको थाहा पाउनासाथ बिजुली बत्ती, सलाइ, लाइटर बाल्नु हुँदैन । कोठाको भयाल ढोका खुला गरी हावा आउने जाने व्यवस्था गर्नुपर्छ । हावामा ५ प्रतिशतभन्दा बढी एलपीजी मिसिए आगो बल्छ ।

ग्यास सिलिन्डरको म्याद (एक्सपाइरी डेट) कसरी थाहा पाउने ? ग्यास सिलिन्डरको रिड तीन वटा पातामा जोडिएको हुन्छ, जसलाई डाटा प्लेट भनिन्छ । ती पातामध्ये एउटामा अंग्रेजी अक्षर एबीसीडी मध्ये एक र अंग्रेजीको दुई अंक लेखिएको हुन्छ, जसले अंग्रेजी महिनाको क्वार्टर अर्थात् तीन महिना र ईस्वी सम्वत् वर्ष संकेत गर्दछ । बाँकी दुई पातामा सिलिन्डर निर्माताको नाम र लोगो, ग्यास भर्ने उद्योगको नाम र लोगो, सिलिन्डरको सिरियल नम्बर, सिलिन्डर जाँच गरिएको मिति लगायत प्राविधिक जानकारी उल्लेख गरिएको हुन्छ । एलपी ग्यासमा खाना पकाउने क्रममा सिलिन्डरको भल्भ, रेगुलेटर, पाइप र चुल्होसम्मको कुनै पनि भागमा ग्यास चुहिएर आगलागी हुन सक्छ । आगलागी भए आत्तिनु हुँदैन । संयम अपनाइ आगोसँग प्रतिकार्य गर्नुपर्छ । सुरुवाती आगोमा आतिएर भागदौड गर्दा अर्को दुर्घटना पनि हुन सक्छ । त्यही आगो फैलिएर ठूलो मात्रामा जनधन क्षति हुन्छ । त्यसैले यस्ता आगो निभाउने विधिबारे जानकार हुनुपर्छ । आगलागी विपद्पूर्व नै आफ्नालाई आगलागीसँग लड्न सक्ने गरी तयारी गर्नुपर्छ । विपद् सम्बन्धी ज्ञान नै विपद्को समाधान हो ।

ग्यास सिलिन्डर लडाएर वा घोप्टाएर कहिल्यै प्रयोग गर्नु हुँदैन । एलपी ग्यास अत्यधिक चाप दिई सिलिन्डरमा भरिएको हुन्छ । चापका कारण ग्यास तरलमा परिणत हुन्छ । यदि सिलिन्डर लडाएर वा घोप्टाएर प्रयोग गरे चुल्होमा ग्यास होइन तरल पदार्थ नै जान्छ, जसले गर्दा रेगुलेटरले तरल ग्यासलाई नियन्त्रण गर्न सक्दैन । हाई प्रेसरमा तरल ग्यास जाँदा आगलागी हुन्छ । ग्यास सिलिन्डरलाई कहिल्यै पनि लडाउन, गुडाउन वा अनावश्यक हल्लाउन हुँदैन । सिलिन्डर ढुवानी गर्दा सिलिन्डरमा बल पर्ने गरी वा कुच्चिने गरी फ्याँक्नु हुदैन । यसो गर्दा सिलिन्डरको प्रेसर थेग्ने क्षमता घट्छ । ग्यास आगलागी हुने क्षेत्र भनेको सिलिन्डरदेखि चुल्होसम्मको भाग हो, जसमा आगोको स्रोतका रूपमा सिलिन्डर हुन्छ । सिलिन्डरमा 'प्रेसर रि लिज भल्भ' (पीआरभी) । यसबाट रेगुलेटर जोडेर पाइपका माध्यमबाट चुल्होसम्म ग्यास पुग्छ । सिलिन्डरदेखि चुल्होसम्म ६ वटा बिन्दुमा आगलागी हुने सम्भावना रहन्छ । त्यो बिन्दु भनेको भल्भ, रेगुलेटर, पाइप र चुल्होको भाग हो ।

त्यसैले आगलागीबाट बच्न 'एनएस चिह्न' प्राप्त वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त गुणस्तरीय रेगुलेटर र तीन लेयर पाइप प्रयोग गर्नुपर्छ । ग्यासको पाइप ६/६ महिनामा जाँच गर्ने र दुई वर्षमा पाइप अनिवार्य फेर्नैपर्छ । ग्यासको पाइप १.५ मिटरभन्दा लामो प्रयोग गर्नु हुँदैन । रेगुलेटर प्रत्येक पाँच वर्षमा फेर्नुपर्छ । चुल्हो अनुसार हाई वा लो प्रेसरको रेगुलेटर प्रयोग गर्नुपर्छ । ग्यास दुर्घटनाबाट बच्न उपभोक्ताले कुच्चिएको, खिया लागेको, रड खुइलिएको र म्याद नाघेको सिलिन्डर भए अस्वीकार गर्नुपर्छ । जुन कुरा उपभोक्ताको अधिकार र सुरक्षाको सवाल हो । सुरक्षाका लागि सिलिन्डर चुल्होभन्दा माथि राखेर प्रयोग गर्नु हुँदैन । ग्यास आगलागी हुनुपूर्व पाइप रेगुलेटर वा चुल्होको 'नब' ले केही संकेत गर्छ । त्यस्तो संकेत बुझ्न ग्यास डिपोवालासँग सोध्नुपर्छ । तालिम प्राप्त डिपोवालाले मात्र सही सल्लाह दिन सक्छन् ।

(साभारः अनलाइनखबर)

उपेन्द्रले लिए उपेक्षाको बदला

काठमाडौं/प्रमुख सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरूको विश्वास खण्डित हुनेगरी जनता समाजवादी पार्टी (जसपा), नेपालले निर्णय गरेको छ । मंगलबार बसेको संसदीय दलको बैठकबाट जसपा नेपालले भूमि सम्बन्धी अध्यादेशलाई समर्थन गर्न नसकिने निर्णय गरेको हो । 'भूमि सम्बन्धी अध्यादेश दीर्घकालीन रुपमा मुलुकको हितमा छैन । त्यसले राष्ट्रलाई ठूलो क्षति पुऱ्याउँछ भन्ने ठहर गर्दै त्यसलाई स्वीकार गर्न सकिँदैन भन्ने बैठकले निर्णय गऱ्यो,' जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादवले भने, 'यो भू-माफियाहरुको पक्षमा आएको छ । वास्तविक सुकुम्बासीलाई भन्दा बिचौलियाहरुलाई पोस्ने किसिमले ल्याइएको भन्ने जसपाको निर्णय छ ।'

यस्तो निर्णयको संकेत जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले सोमबारै दिएका थिए । सत्तामा बार्गेनिङ चलिरहेको चर्चालाई अस्वीकार गर्दै उनले उचित समयमा निर्णय लिने बताएका थिए । 'ट्रेन आएपछि नै सिग्नल दिने हो । हरियो झण्डा ट्रेन आउने बेलामा मात्रै देखाइन्छ', अध्यक्ष यादवले भनेका थिए । तर, सरकार आफैले संसदको कार्यसूचीबाट अध्यादेश हटाउने काम गरिरहेको उनको भनाइ थियो । जबकि उपेन्द्रलाई मनाउनकै निम्ति भनेर संसदको कार्यसूचीबाट अध्यादेशहरू हटाइएको थियो ।

कार्यसूचीबाट अध्यादेश हटाएपै प्रतिनिधि सभा बैठक ६ दिन (१८ गते, २४ गते, २५ गते, २७ गते, २८ गते र २९ गते माघ) र राष्ट्रिय सभा बैठक ५ दिन (१८ गते, २० गते, २४ गते, २७ गते र २८ माघमा) चलिसकेको छ ।

यो बीचमा सरकारका तर्फबाट उपेन्द्रलाई मनाउने प्रयत्न भइरहेको थियो । २४ माघमा प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवासँग सम्बाद गर्न उपेन्द्र यादव बालुवाटार पनि पुगेका थिए । भेटवार्तामा ओली-देउवाले अध्यादेश पारित गराउन यादवसँग सहयोग मागेका थिए । अध्यक्ष यादवले भने कुनै प्रष्ट जवाफ नदिई पार्टीमा छलफल गरेर निर्णय लिने बताए । उपेन्द्रका यही कुरालाई लिएर कांग्रेस-एमाले नेताहरूले अध्यादेश पारित हुने सार्वजनिक दाबी गरिरहेका थिए । तर अध्यादेशहरू पारित हुने दाबी खण्डित हुनेगरी जसपा नेपालले निर्णय गऱ्यो । जसपा नेपालको निर्णयले भूमि सम्बन्धी अध्यादेश पारित नहुने पक्का भएको छ । 'हामीले देश र जनताको हितलाई आधार मानेर निर्णय गरेका छौं' प्रवक्ता मनिष सुमनले भने, 'जसपा नेपाल आफ्नो सिद्धान्त र मान्यतालाई सत्तासँग साट्दैन ।'

अर्थात सत्तारुढमै रहेर पनि जसपा नेपालले सरकारको प्रतिष्ठासँग जोडिएको अध्यादेशको विपक्षमा उभिने निर्णय गरेको छ । प्रवक्ता सुमन भने कांग्रेस-एमालेकै कारण यस्तो परिस्थिति सिर्जना हुन पुगेको बताउँछन् । 'हामीसँग सल्लाह गरियो भए अध्यादेशमा हाम्रो मत राख्थ्यौं होला, त्यसको स्वामित्व लिने थियौं होला' उनी भन्छन्, 'तर सामान्य जानकारी पनि दिइएन । आइसकेपछि सहयोग गर्नुसु भन्नुभयो, हामीले सहयोग गर्न सकैनौं ।' चर्को सार्वजनिक आलोचनाका बाबजुद प्रधानमन्त्री केपी शर्मा ओलीले गत २६ पुसमा ल्याएका अध्यादेशहरू जसपा नेपालकै कारण अड्किने अवस्था बन्नुमा राष्ट्रिय सभाको समीकरण कारण हो ।

राष्ट्रिय सभामा जसपा नेपालको जम्मा ३ सिट छ । तर यो ३ सिट अलग गर्दा सरकारको पक्षमा बहुमत पुग्दैन । ५९ सदस्य रहेको राष्ट्रिय सभामा कांग्रेससँग १६, एमालेसँग ११ र लोसपासँग १ गरी २८ सांसद मात्र छन् । उपेन्द्र यादवले राष्ट्रिय सभाको यही अप्ठ्यारोमा आफ्नो अडान लिएका छन् । कांग्रेस-एमालेका कतिपय नेताहरूको तर्क जस्तो मधेश प्रदेशको मुख्यमन्त्री र संघीय सरकारका मन्त्री पदसँग उपेन्द्रले अडान छोडेका छैनन् ।

एक नेता भने आफूमाथि निरन्तर हुँदै आएको अपेक्षा र अपमानको बदलाका रूपमा पनि उपेन्द्रले यो अडान लिएका छन् । 'पदमा बिक्री भइहाल्छ भन्ने आरोप लगाउने र निरन्तर चोट दिइरहने प्रवृत्ति उहाँहरुको (प्रमुख पार्टीका नेताहरु) छ, तर उपेन्द्र यादव देश र जनताको पक्षमा अडान लिने नेता हुन् भन्ने बुझ्नुपर्छ', ती नेता भन्छन् । अहिलेकै राजनीतिक समीकरण हेर्दा पनि ती नेताको तर्क गलत छैन । बरू अपमान सहेरै वर्तमान सरकारलाई समर्थन दिइरहेको पुष्टि गर्न सकिन्छ । ८ महिना अगाडि, गत २३ वैशाखमा मात्र उनको पार्टी विभाजन भएको थियो ।

त्यसबेला प्रचण्ड प्रधानमन्त्री थिए भने त्यही मन्त्रिपरिषदमा उपेन्द्र यादव उपप्रधान एवं स्वास्थ्य मन्त्री थिए । मन्त्रीकै हैसियतमा उपेन्द्र अमेरिका हुँदा जसपा नेपाल फुट्यो । ७ सांसद लिएर अशोक राईले पार्टी फुटाउँदा सरकारको साथ रहेको लुकेन । यद्यपि २ जेठमा सर्वोच्च अदालतले दल विभाजन यथास्थितिमा राख्न आदेश दियो । तर अहिलेसम्म फैसला आउन सकेको छैन । बरू जसपा नेपाल फुटेको दुई महिना नबित्दै त्यो सरकार ढल्यो । ओलीलाई प्रधानमन्त्री बनाउनेगरी कांग्रेस-एमालेबीच १७ असारमा ७ बुँदे सहमति जुट्यो । अब अप्ठ्यारो उपेन्द्रलाई पर्यो । किनकि विपक्षमा मत दिदा प्रचण्डलाई साथ दिएको हुन्थ्यो, त्यस्तो अवस्था उनी कल्पना पनि गर्न सक्दैनथे ।

त्यसैले ठूलै अपमान सहेर अशोक राई सँगसँगै उपेन्द्र पनि सत्तारुढ बने । ओलीलाई आफ्नो पार्टीमा बाँकी रहेका ५ सांसदले मत दिए । पार्टी फुटाउने राईले ओली सरकारमा दुई मन्त्री पाए, तर उपेन्द्रको भने मधेश प्रदेशमा अएकै मुख्यमन्त्री गुमिसकेको थियो । गत २३ जेठमा जसपाका सरोजकुमार यादव नेतृत्ववको सरकार ढालेर जनमत पार्टीका सतिश सिंह मुख्यमन्त्री भए । 'हामीले निशर्त साथ दिइरहुयौं । तर उहाँहरूले सत्तारुढको अनुभूति गराउनु भएन । हामीले उठाउने एजेण्डाहरू सुन्नभएन' जसपाका एक नेता भन्छन्, 'अहिले उहाँहरूलाई अप्ठ्यारो परेको छ, त्यसको गाँठो फुकाउन हाम्रो पार्टीले देशप्रति गद्दारी गर्न सक्दैन ।' अर्थात् उपेन्द्र यादवले आफ्नो पार्टीमाथि भइरहेको उपेक्षाको बदला भूमि सम्बन्धी अध्यादेशको विपक्षमा उभिएर लिएका छन् ।

चोट पाए, ठेस लगाए

बितेको ८ महिने राजनीतिक घटनाक्रममा मात्र हेर्दा, उपेन्द्रलाई चोट दिने काम मूख्य दलहरुले लामै समयदेखि गर्दै आएका छन् । जसलाई बुझ्न २०६४ को पहिलो संविधान सभाको कार्यकालमै पुगुनुपर्छ । अन्तरिम संविधानप्रति असन्तुष्टि जनाउँदै मधेश आन्दोलनको नेतृत्व गरेका उपेन्द्रले पहिलो संविधान सभामा अप्रत्यासित जित निकालेका थिए । उनी नेतृत्वको मधेशी जनाधिकार फोरमले ५४ सिट जित्दा राष्ट्रिय राजनीतिको समीकरण नै फरिएको थियो ।

क्षेत्रीय उत्पीडनविरुद्ध जुटेको यो शक्तिलाई बेवास्ता गरेर देशको राजनीति बहन संभव थिएन । १५ जेठ २०६५ को मध्यरात संविधान सभाको पहिलो बैठक त्यसैको एउटा उदाहरण हो । त्यो बैठकमा उपेन्द्रले संघीय गणतन्त्रको अडान लिएका थिए । उनको अडानकै कारण गणतन्त्र नेपाल घोषणासँगै संघीयता पनि थपिन पुगेको थियो ।

तर यादवको त्यो शक्ति १४ महिना मात्र टिक्यो । २०६६ जेठमा माधवकुमार नेपालालाई प्रधानमन्त्री बनाउनेबेला उपेन्द्रको पार्टी विभाजन भयो । कांग्रेस-एमालेलाई साथ दिन बिजय गच्छदार पार्टी फुट्राएरै सरकारमा गए । २०६८ मा डा.बाबुराम भट्टराई प्रधानमन्त्री भए । भट्टराईलाई प्रधानमन्त्री बनाउन पनि उपेन्द्रकै पार्टी फुटाइयो । पार्टी फुटाएर राजकिशोर यादव सरकारमा गए ।

पटकपटक पार्टी विभाजन हुनुको असर २०७० को दोस्रो संविधान सभा चुनावमा देखियो । उपेन्द्रको पार्टी १० सिटमा खुम्चियो । अरू मधेश केन्द्रीत शक्ति र माओवादी पनि नराम्रोसँग पराजित भयो । फेरि शक्तिमा आएको कांग्रेस-एमालेले सरकार बनायो, संविधानका अन्तर्वस्तुमा साझा सहमति निकाल्न थाल्यो । मधेश केन्द्रित, जनजाति र साना शक्तिहरूको मोर्चामा बनाएर प्रचण्डले सदन र सडकबाट संघर्ष गरे । उपेन्द्रले पनि प्रचण्डलाई नेता मानेर साथ दिए । तर २०७२ वैशाखसम्म पुग्दा प्रचण्ड कांग्रेस-एमालेसँग मिल्न पुगे, उपेन्द्रहरू छुटे । मधेश आन्दोलन भयो, नाकाबन्दी भयो ।

संविधानपति असहमति राख्दै २०७४ को चुनावमा मधेशका शक्ति एकजुट भए । वाम गठबन्धन र लोकतान्त्रिक गठबन्धन विरुद्ध भिड्दै मधेशमा उपेन्द्र नेतृत्वको पार्टीले सरकार बनायो भने संघमा पनि सम्मानजनक हैसियत बनायो । अशोक राईसँग एकता गरेपछि बनेको संघीय समाजवादी फोरमले प्रतिनिधि सभामा १६ सिट जितेको थियो । पछि बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्तिसँग एकता भएपछि समाजवादी पार्टी बन्यो, सिट संख्या भयो,१७ । तर २०७७ वैशाखमा उपेन्द्रकै पार्टी फुटाउने उद्देश्यले राजनीतिक दल सम्बन्धी अध्यादेश ल्याइयो । पार्टी जोगाउन मधेशको अर्को दल राजपासँग एकता भएर जसपा नेपाल बन्यो, सिट संख्या ३४ पुग्यो । तर त्यो एकता पनि टिकेन ।

५ पुस २०७७ मा प्रतिनिधि सभा विघटन गर्ने ओलीको निर्णयलाई साथ दिने महन्थ ठाकुर, राजेन्द्र महतोहरुको निर्णयपछि जसपा नेपाल फुट्यो । विडम्बना ! प्रतिनिधिसभा विघटनको समर्थन गर्ने महन्थ र राजेन्द्रहरुलाई कांग्रेस-माओवादी नेतृत्वको पाँच दलीय गठबन्धनले साथमा लियो । उपेन्द्रले तिनै ओली नेतृत्वको एमालेसँग गठबन्धन गरे । प्रतिनिधि सभामा १२ सिट जितेपनि उपेन्द्र आफैले जित्न सकेनन् । सांसद हुनलाई फेरि कांग्रेस-माओवादी गठबन्धनतिरै लाग्नुपऱ्यो ।

ठूला दलहरुका कारण लगातार पाइरहेको चोटका बाबुत उपेन्द्रले पाएको लाभ यही अवधिमा हो । २०७९ को चुनाव हारेका उपेन्द्रलाई सांसद बनाउन बारा-२ बाट चुनाव जितेका रामसहाय प्रसाद यादवलाई उपराष्ट्रपति बनाइयो । र बारामा उपचुनाव गरेर उपेन्द्रलाई सांसदमा ल्याइयो । उपचुनाव जितेर उपप्रधान एवं स्वास्थ्यमन्त्रीको शपथ पनि लिए । तर आफै मन्त्री रहेको सरकारले पार्टी विभाजन गरिदिनु र फुटेको पार्टी सँगसँगै सत्तारुढ भएर बस्नुको पीडा उपेन्द्रले कतै सार्वजनिक गरेका थिएनन् ।

(स्रोत: अनलाइनखबर)

'पिताम्बर'को 'म त फ्यान भएँ यार' गीतमा प्रदीप र दिव्याको नृत्य

काठमाडौं/कृष्णा चौलागाईको निर्देशनमा बनेको फिल्म 'पिताम्बर'को पहिलो गीत 'म त फ्यान भएँ यार' सार्वजनिक गरिएको छ । मंगलबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक उक्त गीतमा आशिष अविरल र अस्मिता अधिकारीको स्वर, आनन्द अधिकारीको शब्द तथा आशिष अविरलको संगीत छ । आशिषले यसअघि तयार पारेका 'काले केटाले', 'रैया चाँदीको' जस्ता गीत चर्चित छन् ।

दरबारीया शैलीको सेटमा छायांकन गरिएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी प्रदीप खड्का र दिव्या रायमाझी नृत्य गर्दै प्रस्तुत छन् । उनीहरुलाई राधा-कृष्णको रुपमा प्रस्तुत गरिएको छ । दुवैको नृत्य छरितो देखिन्छ । उल्लेख्य कोरस राखिएको भिडियोमा प्रोडक्सन भ्यालु उच्च देखिएको छ । गीतका कोरियोग्राफर कविराज गहतराज हुन् ।

निर्माता विशाल चौलागाईंका अनुसार गीतका लागि भारतबाट सेटसहित कामदार ल्याइएको थियो । 'तराईको लोकेसनमा फिल्म खिचिएकाले त्यहाँको माहोलमा सेट तयार गरेका हौं । हामीले सेट निर्माणमा कुनै पनि कञ्जुस्याई गरेका छैनौं,' विशालले भने । उनले भिडियोको लागत भने खुलाउन चाहेनन् । यद्यपि, भिडियोको मेकिङ हेर्दा २५/३० लाख खर्च भएको देखिन्छ ।

फिल्ममा प्रदीप र दिव्यासहित दयाहाङ राई, सौगात मल्ल, आर्यन सिरदेल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, र विन्द्र झा, प्रमोद अग्रहरि, कामेश्वर चौरासिया, टिका पहाडी, दिव्यदेव लगायतको अभिनय छ । आगामी चैत २९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मलाई पुरुषोत्तम प्रधानले छायांकन गरेका हुन् । यसमा प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा तथा संवाद छ ।

'अञ्जिला' टिजरमा एञ्जिलाको संघर्षदेखि सफलतासम्मको कथा

काठमाडौं/आगामी फागुन २९ गते (होलीबाट प्रदर्शनमा आउने तयारीमा रहेको मिलन चाम्स निर्देशित फिल्म 'अञ्जिला'को टिजर सार्वजनिक गरिएको छ । मंगलबार यूट्युबमार्फत् सार्वजनिक भन्दै २ मिनेट लम्बाईको टिजरमा महिला राष्ट्रिय फुटबल टिमकी कप्तान एञ्जिला तुम्बापो सुब्बाले स्कूले जीवनदेखि फुटबल खेलाडी बन्न गरेको संघर्ष र राष्ट्रिय टिमको कप्तान बन्दासम्मको कथा समेटिएको छ ।

फिल्ममा एञ्जिला स्वयं शीर्ष भूमिकामा छिन् । उनको बुबाआमाको भूमिकामा अभिनेता दयाहाङ राई र अभिनेत्री सुजना सुब्बा छन् । बुबा फुटबलको विपक्षमा र आमा पक्षमा देखिएका छन् । टिजरमा एञ्जिलाका बुबाले 'तेरो फुटबलले मेरो इज्जत गयो' भनिरहँदा आमाको एञ्जिलापति विश्वास देखिन्छ । एञ्जिला महिला फुटबल टिमकी गोलरक्षक हुन् ।

प्रेम कुमार श्रेष्ठ निर्माता रहेको 'अञ्जिला'मा सुनिल थापा, विजय बराल, माओत्से गुरुङ, बुद्धि तामाङ, सुरज तमु लगायतको पनि अभिनय छ । निर्माता श्रेष्ठको पनि फिल्ममा महत्त्वपूर्ण भूमिका छ । निर्देशक चाम्सले एञ्जिलाको वास्तविक कथामा फिल्म आधारित रहेको बताए । इच्छाशक्ति भए असम्भव केही छैन भन्ने सन्देश फिल्मले दिन खोजेको उनको भनाइ छ ।

फिल्मको छायांकन सुदीप बरालले गरेका हुन् भने सम्पादन मिलन श्रेष्ठले गरेका छन् । मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्ममा टुबेन्द्र लिम्बु, विनोद अग्रवाल र राजेश बगडिया सह-निर्माता छन् । फिल्मको तीन साता अगाडि प्रचारात्मक गीतको रुपमा 'डल्ले डल्ले खुर्सानी' सार्वजनिक गरिएको थियो, जसलाई यूट्युबमा २० लाख बढीले हेरिसकेका छन् ।

फिल्मको रात मंसिर २३ गते हङकङमा वर्ल्ड प्रिमियर भएको थियो भने अब युकेमा प्रिमियरको आयोजनाको लागि निर्देशक चाम्स र निर्माता श्रेष्ठ लन्डन पुगेका छन् । नेपालमन्दा अगाडि अमेरिका, अस्ट्रेलिया र जापानमा पनि फिल्म प्रदर्शनको तयारी भइरहेको छ । निर्माता श्रेष्ठले फिल्मको विश्वव्यापी कमाइबाट कप्तान एञ्जिलाका लागि काठमाडौंमा घर बनाइदिने घोषणा गरिसकेका छन् ।

अर्थमन्त्रीले ६ महिनामै किन फेरे आफैंले बनाएका सचिव र महानिर्देशकको 'सेट' ?

काठमाडौं/विष्णुप्रसाद पौडेलले अर्थ मन्त्रालयको जिम्मेवारी सम्हालेको १५ दिनमै मधुकुमार मरासिनीको ठाउँमा डा. रामप्रसाद घिमिरेलाई अर्थ सचिव बनाए । त्यसपछि अर्को १५ दिनपछि दुई महत्त्वपूर्ण विभाग आन्तरिक राजस्व र भन्सार विभागका महानिर्देशकहरू हटाएर क्रमशः रामप्रसाद आचार्य र हरिशरण पुडासैनीलाई नेतृत्व सुम्पिए ।

तर, त्यसको ६ महिनामै पौडेलले आफैं बनाएका सचिव र महानिर्देशकहरूको यो सेट फेरिँदैए । त्यतिमात्र होइन, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयबाट आफूलाई सहयोग गर्न भनेर ल्याएका अर्का सहसचिव दीर्घराज मैनालीलाई पनि अर्थमन्त्री पौडेलले सूचना आयोगमा सरुवा गरिदिए । पौडेल यसअघि अर्थमन्त्री हुँदा उनले नै घिमिरेलाई राजस्व सचिव बनाएका थिए । यसपटक मन्त्री हुँदा तत्कालीन अर्थ सचिव मरासिनीलाई हटाएर घिमिरेलाई नै माथि तानेका थिए ।

यस हिसाबले सचिव घिमिरे मन्त्री पौडेलले मन पराएका पात्रका रूपमा देखिन्थे । तर, उनैलाई सचिव बनाएर ६ महिनामै फेरे । यो सरुवामा अर्को रोचक तथ्य पनि देखिन्छ । निजामती कर्मचारी प्रशासनभित्र यी चार जना सत्तारुढ नेकपा एमाले निकट भनेर चिनिन्छन् । 'एमाले पार्टीले आफू निकट कर्मचारीलाई सधैं संरक्षण गर्थ्यो, मन्त्री पौडेलले पनि छानीछानी उनीहरूलाई जिम्मेवारी दिएका थिए । तर, यसपटक के भएर हो पौडेलले पार्टीनिकट ती कर्मचारीलाई मन्त्रालयबाट हटाए, यो धेरैको जिज्ञासाको विषय छ,' एक उच्च सरकारी अधिकारी भन्छन् ।

मन्त्रालय र विभाग नेतृत्वमा रहेका यी तीनै जना उच्च अधिकारीको कार्यशैलीका विषयमा अर्थमन्त्री पौडेलमात्र होइन, प्रधानमन्त्री केपी शर्मा ओली पनि सन्तुष्ट हुन नसकेकाले उनीहरूको सरुवा भएको अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन् । अर्थ मन्त्रालय र विभागले गर्नुपर्ने कार्यसम्पादन तथ्यांक विगत जस्तै धेरै उत्साहजनक छैन । तर, अर्थका अधिकारीहरू सरकारको खर्च र राजस्वसँग सचिवको सरुवा सम्बन्धित नरहेको बताउँछन् ।

'पछिल्लो दिनमा मन्त्री र सचिवबीच केही-केही विषयमा मतभेद देखिएको जस्तो देखिन्छ,' अर्थका ती अधिकारीले भने, 'ती के-के हुन् भन्ने चाहिँ बिस्तारै खुल्ला ।' मंगलबार मन्त्रालयमा घिमिरेको बिदाइ तथा नयाँ सचिव घनश्याम उपाध्यायको स्वागत कार्यक्रममा पनि त्यस्तो बिमतिको स्पष्ट संकेत देखिएको मन्त्रालय स्रोत बताउँछ ।

केही समयघि नै अर्थमन्त्री पौडेलले दुई विभागका महानिर्देशक, मैनाली लगायत सहसचिवको सरुवा गर्न खोजेका थिए । तर, त्यसमा पनि सचिव घिमिरेले बिमति राखेको अर्थ मन्त्रालय स्रोत बताउँछ ।

अन्य केही ठूला निर्णयका फाइल अर्थमन्त्रालयका महाशाखाहरूमा छन्, ती विषयमा मतान्तर भएको हुन सक्छ,' अर्थ स्रोतले भन्यो । अहिले बीमा प्राधिकरण अध्यक्ष नियुक्ति प्रक्रिया चलिरहेको छ । 'त्यसमा कसलाई नियुक्त गर्ने भन्ने विषयमा मन्त्री र सचिवको कुरा नमिलेको हुन सक्छ,' मन्त्रालयका ती अधिकारी भन्छन् ।

कतिपयले भने सचिव घिमिरेले यसअघि केही निर्णयमा राखेका मतका कारण भोलि गर्नुपर्ने महत्त्वपूर्ण निर्णय प्रभावित हुने देखेर उनको सरुवा गरिएको मत राखेका छन् । बीमा प्राधिकरणका पूर्वअध्यक्ष सूर्य सिलवाललाई अस्थायर दुरुपयोग अनुसन्धान आयोगले मुद्दा हालेको छ । घिमिरे राजस्व सचिव हुँदा अख्तियारको पत्रका आधारमा उनले सिलवालमाथि छानविन समिति बनाइदिएका थिए ।

त्यो छानविन समितिको प्रतिवेदन अहिलेका राजस्व सचिव दिनेश घिमिरेले अख्तियार पठाएका हुन् । तर, छानविन समिति घिमिरेको पालामा बनेकाले त्यो निर्णय मन नपराउनेले उनको सरुवाका लागि दबाब दिएको हुन सक्ने अर्थका एक अधिकारीले दाबी गरे । गत असोजमा परराष्ट्र मन्त्रालयमा १ सयभन्दा बढी कर्मचारीको दरबन्दी थप गर्ने विषयमा घिमिरेले असहमति राखेकाले त्यो प्रक्रिया केही समय रोक्दिएको थियो । मन्त्रालयका अर्का एक अधिकारी त्यो घटनासँग पनि सचिवको सरुवा जोडिएको हुन सक्ने आकलन गर्छन् ।

(स्रोत: अनलाइनखबर)

धरहरा प्रवेश शुल्कबाट ३ महिनामा उठ्यो एक करोड ५२ लाख राजस्व

काठमाडौं/गर्मी बढेसँगै धरहरा अवलोकनको समय पनि एक घण्टा बढाइएको छ । पुनर्निर्माण पश्चात् गत ९ मंसिरदेखि सञ्चालनमा आएको धरहरा अवलोकनका लागि १५ माघदेखि एक घण्टा समय बढाइएको हो । १४ माघसम्म ३:१५ बजेसम्म मात्र धरहरा चढ्न टिकट काट्ने गरिएको थियो । अहिले समय थप गरी ४:१५ बजेसम्म टिकट काट्ने पाइने र साँझ ५ बजेसम्म चढ्न पाइने आयोजनाका कार्यम मुकाय निर्देशक प्रकाश अर्यालले जानकारी दिए । उनका अनुसार सञ्चालनको तीन महिना नपुग्दै प्रवेश शुल्कबापत एक करोड ५२ लाख राजस्व संकलन भएको छ ।

९ मंसिरदेखि सर्वसाधार णलाई शुल्कसहित खुला गरिएका ऐतिहासिक धरहराबाट २४ माघसम्ममा टिकट बिक्रीबापत उक्त रकम संकलन भएको निर्देशक अर्यालले बताए । प्रत्येक बुधबार धरहरा बन्द रहने भन्दै अन्य दिन यहाँ आउने नागरिकको संख्या दैनिक एक हजार दुई सयको हाराहारीमा रहेको उनले जानकारी दिए । पछिल्लो समय छिमेकी मुलुकका पर्यटक पनि धरहरा अवलोकन गर्न आउने गरेका छन् । धरहरा चढ्न प्रतिव्यक्ति दुई सय रुपैयाँ शुल्क तोकिएको छ । विद्यार्थी, ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्तिलाई ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ । सार्क राष्ट्रबाट आउने पर्यटकलाई प्रतिव्यक्ति पाँच सय र सार्कबाहेकका राष्ट्रबाट आउनेलाई प्रतिव्यक्ति एक हजार शुल्क लिने गरिएको अर्यालले बताए । उनका अनुसार विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश, २०८१ बमोजिम शुल्क लिइ धरहरा सञ्चालनमा ल्याइएको हो । गत ६ मंसिरको मन्त्रिपरिषद् बैठकले धर हरा खुला गर्ने र शुल्क स्वीकृत गर्ने निर्णय गरेको थियो ।

उक्त स्थानमा पार्किङ गर्दा चारपाङ्रे सवारीका लागि प्रतिघण्टा २० र दुईपाङ्रे सवारीका लागि १० रुपैयाँ तोकिएको छ । धरहरा परिसरमा प्रवेशका लागि ५० रुपैयाँ निर्धारण गरिएको छ । धरहरा स्तम्भमा पार्किङ महत्वका विज्ञापन गर्न प्रतिघण्टा पाँच हजार रुपैयाँ तोकिएको छ भने व्यावसायिक भिडियो छायांकनका लागि प्रतिघण्टा पाँच हजार रुपैयाँ र फोटोग्राफीका लागि प्रतिघण्टा एक हजार रुपैयाँ तोकिएको निर्देशक अर्यालले जानकारी दिए ।

बक्स अफिसमा न प्रदीप चले न प्रियंका र ऋचा

काठमाडौं/गत बैशाखदेखि कात्तिकसम्म नेपाली फिल्मको व्यापार चकाचक नै रहयो । यो अवधिमा लगभग १० वटा फिल्म व्यावसायिक रुपमा सफल भए । कात्तिकमा आएको 'पूर्णबहादुरको सारङ्गी'ले त घरेलु बक्स अफिसमा इतिहास नै रच्यो । तर, मसिर महिना लागेयता नेपाली फिल्मको व्यापार निकै उदेकलारदो छ । 'स्टार' कहलिएका कलाकारहरुको फिल्म समेत बक्स अफिसमा डुबिरहेका छन् ।

पुष्मा प्रदर्शन भएका सौगात मल्लको 'बमबहादुर' र दयाहाङ राईको 'कार्साङ' दुवै व्यापारिक रुपमा असफल भए । जसले गर्दा उनीहरुको स्टारडममाथि नै प्रश्न उठेको छ । यी दुई स्टारको फिल्म चल्न नसकेपछि धेरैलाई माघ १८ गतेको फिल्म 'एक्टर : टेक वान'प्रति ठूलो अपेक्षा थियो । किनकि, यसमा अहिलेका 'स्टार' प्रदीप खड्का थिए । तर, उनको पनि स्टारडमको जादू देखिएन ।

नाम विवादले घोषित मिति (माघ १६ गते)बाट दुई दिनपछि प्रदर्शनमा आएको फिल्मको ओपनिङ नै दयनीय रहयो । पहिलो दिन नै दर्शक अभावले थुप्रै शो 'क्यान्सिल' भए । दोस्रो दिन व्यापार तैबिसेक भए पनि आइतबारबाट फिल्म उकासिनै सकेन । यतिबेला दोस्रो सातामा रहेको फिल्मले हलमा घुँडा टेकिसकेको छ । निर्माताको हातमा हलबाट ५० लाख सेयर रकम पनि नपर्ने देखिन्छ ।

'एक्टर : टेक वान' नचल्दा निर्मातालाई त ठूलो धक्का लागेको छ नै, प्रदीपलाई पनि यो सानो झड्का होइन । उनको नामैले फिल्म चल्छ भन्ने विश्वासमा निर्मातले फिल्ममा 'सुपरस्टार'को ट्याग समेत दिएका थिए । तर, उनले जति बजनदार ट्याग पाए, घरेलु बक्स अफिसमा त्योअनुरुप उनको स्टार डम देखिन सकेन । तथापि, प्रदीपले फिल्मका लागि प्रचारमा गरेको दौडधुप भने गजब थियो ।

प्रदीपको फिल्म मात्र होइन, अघिल्ला साता प्रदर्शित प्रियंका कार्कीको 'ममी' र ऋचा शर्माको 'सारंग'को अवस्था पनि हरि विजोग छ । फिल्मको प्रचार गर्न प्रियंका आफै काठमाडौंका सडकमा दर्शक तर्साउँदै हिँडेकी थिइन् । तर, त्यसले पनि दर्शक तान्न सकेन । ऋचाले त भन् 'सारंग'लाई आफ्नो करियरको 'दोस्रो इनिङ' भनेकी थिइन् । तर, उनको फिल्मपनि पनि दर्शकको चासो देखिएन ।

'एक्टर : टेक वान', 'ममी' र 'सारंग'सहित माघमा रिलिज भएका 'एक्टर', 'फिरफिरे फिरिरी', 'केटी हराएको सूचना' र 'जुना' गरी ७ वटा फिल्म फ्लप भएका छन् । 'जुना'लाई त च्यारिटी शोमा दर्शक बेहोस गराएको फिल्म भनेर समेत प्रचार गरिएको थियो । तर, त्यही फिल्म हेरेर हलमा रोइदिन पनि दर्शक आइदिएनन् । अन्ततः माघ महिना व्यापारको हिसाबले निराशाजनक बन्न पुगेको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

बचत रकम हिनामिना गर्ने ८ सहकारीको फाइल प्रहरीमा

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ बचतकर्ताको रकम हिनामिना गरेको भन्दै बागमतीका ८ सहकारी संस्थाको फाइल नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा पठाइएको छ । प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी महाशाखाले बचतकर्ताको रकम फिर्ता नगरी हिनामिना गरेको भन्दै ८ सहकारीलाई अनुसन्धानका लागि सीआईबीमा पठाएको हो ।

बतकर्ताले दिएको उजुरीका आधारमा ८ सहकरीलाई अनुसन्धानका लागि सीआईबीमा पठाएको महाशाखाले बताएको छ । महाशाखाले मञ्जुश्री बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं, भिंगुसमाज बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर, मुकुल बचत तथा ऋण सहकारी संस्था लि. बनेपा, डिलाइट बहुउदेश्यीय सहकारी संस्था लि. ललितपुर, नवजीवन बहुउद्देश्यीय सहकारी संस्था लि. भक्तपुर, फलफूल बचत तथा ऋण सहकारी संस्था लि. काठमाडौं, सिटी बचत तथा ऋण सहकारी संस्था लि. ललितपुर र पशुपति बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुरलाई अनुसनधानको लागि सीआईबीमा पठाइएको हो ।

बचतकर्ताको उजुरीका आधारमा समस्या देखिएका ८ सहकारीलाई पटकपटक छलफलमा बोलाउँदा उपस्थित नहुने, महाशाखाको निर्देशन अटेर गर्ने, बचत फिर्ता नगर्ने, बचत फिर्ताको कार्ययोजना पेश नगर्ने लगायत गतिविधिका कारण अनुसन्धानका लागि सीआईबीमा पठाइएको महाशाखाका रजिष्ट्रार कुमार तामाङ्ले जनकारी दिए । 'प्रदेश सहकारी ऐन ०७६ को दफा २० मा सहकारीको मूल्य मान्यता सिद्दान्त पालना गर्नुपर्ने व्यवस्था छ ।

तर, ती सहकारी संस्थाले कुनै पनि नियम पालना नगरेको र सहकारी महाशाखाले कुनै पनि छलफल तथा बचत फिर्ताको लागि पत्राचार गरिहरन नपर्ने देखिएपछि ती सहरकारीको फाइल सीआईबीमा पठाइएको हो,' तामाङ्ले भने । रजिष्ट्रार तामाङ्का अनुसार सीआईबीमा पठाइएका आठवटै सहकारीका बचतकर्ताले बचत रकम फिता मागेपनि दिन आलटाल र विभिन्न वाहनाबाजी गरेपछि ती सहकारीको फाइल अनुसन्धानका लागि सिआईबीको जिम्मा लगाइएको हो ।

बहुमतको बलमिच्याइँले आफैंलाई ठेस

काठमाडौं, २९ माघ/ कांग्रेस एमालेले १७ असारमा सत्ता साझेदारी गर्दा साझा निष्कर्ष निकालेका थिए- ३२ सिटे माओवादी सहित साना दलहरूकै कारण राजनीति स्थिर हुन सकेन । राजनीतिक स्थिरता र नागरिकमा उत्साह ल्याउन भनेरै सातबुँदे सहमति मार्फत् कांग्रेसको समर्थनमा एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेका थिए । कांग्रेस सभापति शेरबहादुर देउवासँग आलोपालो प्रधानमन्त्री हुनेगरी बनेको यो गठबन्धनको विकल्प नरहेको दावी नेताहरुले गरिरहेकै छन् ।

प्रधानमन्त्री ओलीले संसदमा पाएको मत हेर्दा पनि नेताहरुको दावी गलत हुँदैन । ६ साउनमा प्रधानमन्त्री ओलीले प्रतिनिधि सभाको १८८ मत पाएका थिए । यो भनेको दुई तिहाइ भन्दा बढी हो । विपक्षमा जम्मा ७४ मत परेको थियो । तर त्यही शक्तिशाली सरकारलाई पहिलो संसदीय परीक्षणमै ठेस लागेको छ । गत २६ पुसमा सरकारले ल्याएको ६ मध्ये भूमि सम्बन्धी अध्यादेशको विपक्षमा उभिने जसपा नेपालले निर्णय गरेको छ । सत्तारुढ पक्षमै रहेका जसपा नेपालको निर्णयले सरकारकै निर्णयमा सत्ता साझेदारहरुबाट अपनत्व नलिएको पुष्टि हुन्छ ।

कांग्रेस र एमालेले बल मिच्याइँ गर्न सरकार निर्माणकै क्रमबाट थालेका थिए । संसदीय अभ्यासको सामान्य मान्यताविपरीत पहिलो र दोस्रो शक्ति मिलेर सरकार बनाउँदा संविधान संशोधनको एजेण्डा सात बुँदैमा उल्लेख गर्नु एक प्रकारले बल मिच्याइँ नै थियो । नेताहरुका अनुसार एमाले र कांग्रेसले सत्ता साझेदार अरु पाँच दलको अस्तित्वलाई कमजोर ठान्दा यस्तो अवस्था आइलागेको हो । कांग्रेस प्रमुख सचेतक श्याम घिमिरे पूर्वतयारीको क्रममा कांग्रेस-एमालेको ढंग नपुगेको स्वीकार्छन् । अध्यादेश ल्याउनुअघि राष्ट्रिय सभाको अंकप्रति हेक्का नराखिए जस्तै भएको घिमिरे बताउँछन् ।

'राष्ट्रिय सभामा स्पष्ट बहुमत पुग्ने गरी सरकार गठनकै बेला ध्यान दिनुपर्थ्यो । अलि ढंग नपुगेको जस्तै भयो,' घिमिरे भन्छन्, 'समर्थन जुटाउनका लागि अध्यादेश ल्याउन अघि नै तयारी गरिएको भए यस्तो हुदैनथ्यो होला ।'

निरन्तर बलमिच्याइँ

कांग्रेस र एमालेका नेताहरुले बल मिचयाइँ गर्न सरकार निर्माणकै क्रमबाट थालेका थिए । संसदीय अभ्यासको सामान्य मान्यताविपरीत पहिलो र दोस्रो शक्ति मिलेर सरकार बनाउँदा संविधान संशोधनको एजेण्डा सात बुँदैमा उल्लेख गर्नु एक प्रकारले बल मिच्याइँ नै थियो । ओली प्रधानमन्त्री बनेपछि दुई दलीय सिण्डिकेट बढाउनेगरी अरु निर्णयहरु पनि हुन थाल्यो । जसको बलियो उदाहरण हो- दुई दलीय संयन्त्र ।

सरकार सञ्चालनबारे परामर्श र निर्णय गर्नेगरी पालिका तहसम्मै दुई दलीय संयन्त्र बनाइएको छ । तर सत्ता पक्षमै रहेका अरु दललाई कतैपनि स्थान दिइएको छैन । केन्द्रको संयन्त्र मातहत हुनेगरी विधेयक र कानुन सुधार कार्यदल बनेको छ । दुई दलको अग्रसरता बनेका कार्यदलमा अन्य पाँच दललाई सहभागी नै गराइएन । कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री गगन थापा, गृहमन्त्री र मेश लेखक र परराष्ट्रमन्त्री आरजु राणा देउवा संयन्त्रमा छन् । सत्ताको नेतृत्व गरेको दल एमालेबाट वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेल र उपमहासचिव विष्णु रिमाल संयन्त्रमा छन् ।

विधेयकहरुको अवस्थाबारे सोधखोज गर्नेगरी कांग्रेसबाट सहमहामन्त्री जीवन परियार र एमालेबाट सचिव योगेश भट्टराई सहित दुबै दलका प्रमुख सचेतक र हनेगरी अर्को कार्यदल बनाउँदा सत्ताका अन्य दलका नेतालाई भूमिका दिइएन । कानुन सुधार सुझाव कार्यदल ६ सदस्यीय बनाउँदा पनि सत्ता पक्षका अन्य दललाई समेटिएन । उक्त कार्यदलमा कांग्रेसबाट अधिवक्ता सेमन्त दाहाल, योजना विज्ञ प्रताप पौडेल र वरिष्ठ अधिवक्ता अरुण पौडेल छन् । एमालेले कार्यदलमा पूर्वमूख्यसचिव लीला गड्तौला, गण्डकीका पूर्वमुख्य न्यायाधिवक्ता राजेन्द्र घिमिरे र वरिष्ठ अधिवक्ता केदार कोइराला छन् ।

जनता समाजवादीका नेता मनीष सुमन निर्णय प्रक्रियामा सत्ता समर्थक दलहरुमा छलफल हुने पद्दत नबनेको बताउँछन् । 'अध्यादेशहरु ल्याउनुअघि समर्थन गरेका दलहरुमा छलफल हुनुपर्ने हो । हामीसँग केही छलफल गरिएन,' सुमनले संचारकर्मीसँग भने ।

सरकारको न्युनतम साझा कार्यक्रम बनाउने कार्यदलमा समेत अन्य दललाई महत्व दिइएन । २३ भदौमा बनेको कार्यदलमा कांग्रेस र एमालेबाट २-२ जना सहभागी बने । कार्यदलमा कांग्रेसबाट महामन्त्री थापा र प्रवक्ता प्रकाशरण महत तथा एमालेबाट उपमहासचिव प्रदीप ज्ञवाली र नेता विष्णु रिमाल सदस्य थिए । २ असोजमा प्रधानमन्त्री केपी शर्मा ओली र कांग्रेस सभापति शेर बहादुर देउवालाई न्युनतम साझा कार्यक्रमको प्रतिवेदन कार्यदलले बुझाएको थियो ।

दुई दलीय संयन्त्र र कानुन सुधार सुझाव कार्यदले गरेको कामका आधारमा सरकारले २६ पुसमा पाँचवटा अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलकहाँ सिफारिस गर्‍यो । सरकारले अध्यादेश ल्याउन गरिरहेको तयारी र त्यसका अन्तर्वस्तुबारे अन्य पाँच आन्तरिक छलफलमा सहभागी बनाइएन । सरकारले सिफारिस गरेका अध्यादेश २९ पुस र २ माघमा गरी राष्ट्रपति पौडेलले जारी गरे । त्यसअघि सहकारी सम्बन्धी अध्यादेश जारी भइसकेको थियो । अध्यादेश जारी भइसकेपछि संसदबाट पारित गराउन अन्य दलको सहयोग खोज्ने उद्देश्यले १४ माघमा सत्ता पक्षका दलको बैठक प्रधानमन्त्री ओलीले डाके ।

दुई दलको बलमा अध्यादेश जारी भयो । तर दुवै सदनको संख्या समेत ख्याल नगरी अध्यादेश ल्याउँदा पारित गराउन हम्मे पर्ने भएको छ । प्रतिनिधि सभामा कांग्रेस र एमालेलाई सुविधाजनक बहुमत भए पनि राष्ट्रिय सभामा संख्याको सहज अवस्था छैन ।

राष्ट्रिय सभामा बहुमतका लागि ३० सांसद आवश्यक पर्दछ । कूल ५९ सांसदमा सत्ता पक्षका २९ जना छन् । सत्ता पक्षबाट कांग्रेसका १६, एमालेका १०, मनोनीत २ र लोसपाका १ गरी २९ सांसद छन् । प्रधानमन्त्री ओलीलाई समर्थन गरेको दल जसपा नेपालसँग राष्ट्रिय सभामा ३ सांसद छन् । अध्यादेश संसद ल्याएको ६० दिनभित्र प्रतिनिधि र राष्ट्रिय सभा दुबैबाट पारित नभए निष्क्रिय हुन्छ । कांग्रेस प्रमुख सचेतक घिमिरे जसपा नेपालले भूमि सम्बन्धी अध्यादेश पनि पारित हुने विश्वास राख्छन् ।

'केही न केही उपाय निस्किन्छ । जसपा नेपाल संघ र प्रदेश सरकारमा कहिं पनि सहभागी बनाइएको छैन । सहभागीता खोज्न सक्छ,' घिमिरे भन्छन् । जसपा नेपाललाई केन्द्र वा मधेसको सत्तामा सहभागी गराउनेगरी संवाद गर्न पनि दुई दल अहिले लचक भएका छन् । सत्ता समर्थक जसपा नेपाल मात्र होइन, मधेसमा सत्ता सहकार्य गरेको जनमत समेत कांग्रेस एमालेसँग रुष्ट छ । प्रधानमन्त्री ओलीसँग भेट्न समेत नपाएको गुनासो सामाजिक सञ्जालबाट जनमतका अध्यक्ष सीके राउतले राखेका थिए ।

जनमतका प्रवक्ता शरदसिंह यादव दुई दलीय गठबन्धन भनी कांग्रेस एमालेको अरु दललाई सहयोगीका रुपमा व्याख्या गर्ने गरेको बताए । 'सरकारले राष्ट्रिय महत्वका कुनै निर्णय गर्दा अरू दललाई बोलाएर सामूहिक निर्णय लिने गरिएको छैन,' यादव भन्छन् ।

(स्रोत: अनलाइनखबर)

बजेट बनाउन उपप्रमुखहरुलाई धुलिखेलमा बोलाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले बागमती प्रदेशका ११९ स्थानीय तहका उपप्रमुख र उपाध्यक्षलाई धुलिखेलको एउटा रिसोर्टमा राखेर ३ दिनसम्म राजश्व, बजेट, योजना र न्यायसम्बन्धी तालिम दिन लागेको छ ।

प्रतिष्ठानले धुलिखेलस्थित हिमालयन हाउस एण्ड रिसोर्टमा राखेर आवासीय तालिम दिन लागेको प्रतिष्ठानले जनाएको छ । प्रतिष्ठानले बागमती प्रदेशका ११९ वटै स्थानीय तहमा उपप्रमुख र उपाध्यक्षको कार्यक्रममा सहभागिता हुने बताइएको छ । संघ सरकार मातहतको यो प्रतिष्ठानले हरेक वर्ष जनप्रतिनिधिलाई प्रशिक्षित गर्दै आएको छ ।

यसपटक आगामी फागुन १ देखि ३ गतेसम्म रिसोर्टमा राखेर स्थानीय राजश्व परामर्श, बजेट तथा कार्यक्रम तर्जुमा, योजना अनुगमन तथा सुपरीवेक्षण र न्यायिक समितिसम्बन्धी प्रशिक्षण दिने भएको हो । यो अवसरमा तीन तहका सरकारबीचको अन्तरसम्बन्धका विषयमा समेत जनप्रतिधिलाई प्रशिक्षण दिने कार्यक्रम तय भएको प्रतिष्ठानका कार्यकारी निर्देशक कानुनलाल चौधरीले जानकारी दिएका छन् ।

लक्ष्य अनुसार राजस्व नउठेपछि अर्थले काट्यो तल्ला सरकारमा जाने अनुदान

काठमाडौं, २९ माघ/ चालु आर्थिक वर्ष २०८१/८२ पहिलो ६ महिना (साउन-पुस) सम्म सरकारले लक्ष्यको ८४.३३ प्रतिशतमात्र राजस्व उठेपछि अर्थ मन्त्रालयले तल्ला सरकारमा जाने वित्तीय समानीकरण अनुदान कटौती गरेको छ । मन्त्रालयले २३ माघमा महालेखा नियन्त्रकको कार्यालयलाई पत्र लेख्दै राजस्व लक्ष्यको अनुपातमा अनुदान हस्तान्तरण गर्न पत्र लेखेको थियो । सोही अनुसार प्रदेश र स्थानीय तहलाई तेस्रो किस्ताबापत विनियोजित रकमको १३.२४ प्रतिशतले हुन आउने रकम हस्तान्तरण गर्न महालेखा नियन्त्रकको कार्यालयले सोमबार सूचित गरेको हो ।

यसरी बजेट तल्ला सरकारमा पठाउँदा कुल वार्षिक विनियोजित बजेटको ६३.२४ प्रतिशतमात्र हुने कार्यालयले जनाएको छ । सोमबार र मंगलबार सबै कोष लेखा नियन्त्रकको कार्यालयलाई पत्र लेख्दै कटौती गर्न महालेखाले भनेको छ । वित्तीय समानीकरण अनुदान चार किस्तामा संघीय सरकारले प्रदेश सरकार र स्थानीय सरकारमा पठाउने गर्छ ।

महालेखा नियन्त्रकको कार्यालयले सबै कोष तथा लेखा नियन्त्रकको कार्यालयलाई पत्र लेख्दै वित्तीय समानीकरण अनुदान कटौती गर्न भनेपछि स्थानीय सरकारले तत्काल विरोध जनाएका छन् । नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघले मंगलबार सयुंक्त वक्तव्य जारी गर्दै संघीयता विरोधी कदम भनेको छ । नगरपालिका संघ अध्यक्ष भीमप्रसाद ढुंगाना र गाउँपालिका महासंघ अध्यक्ष लक्ष्मीदेवी पाण्डेले निकालेको वक्तव्यमा छ, 'तेस्रो किस्तामा विनियोजित रकमको २५ प्रतिशत निकासा हुनुपर्नेमा १३.२४ प्रतिशतमात्र निकासा हुने देखिन्छ । समानीकरण अनुदान समेत कटौती गर्ने कार्यले वित्तीय संघीयताको प्रभावकारी कार्यान्वयनमा प्रश्नचिह्न खडा भएको छ ।'

एकल अधिकारको प्रयोगबाट सेवा प्रवाह र योजना तर्जुमा सुरुवात नै स्थानीय सरकार बाट हुने र यो सबैको सुनिश्चितता यही समानीकरण अनुदानले गर्ने हुँदा यो अनुदानमा कटौतीले स्थानीय सरकारबाट हुने सेवा प्रवाह र विकास निर्माण कार्यमा गम्भीर असर पुग्ने पालिका महासंघले जनाएको छ । वित्तीय संघीयता कार्यान्वयन गर्नुपर्नेमा विनियोजन भइसकेको र कम समेत घटाउने प्रवृत्तिले नेपाल सरकारको संघीयता कार्यान्वयन सक्रियता निस्तेज भएको वक्तव्यमा उल्लेख छ ।

'संघीयताको जगका रूपमा रहेका स्थानीय सरकारलाई बेवास्ता गरिए संघीयता कार्यान्वयनमा नेपाल सरकार इमान्दार र प्रतिबद्ध नरहेको सन्देश जाने छ,' स्थानीय सरकारको प्रतिनिधित्व गर्ने दुवै संघ महासंघले भनेका छन् ।

गत वर्ष पनि विरोधपछि सुधार

गत आव २०८०/८१ मा सरकारले स्थानीय तहलाई दिनुपर्ने ९३ प्रतिशत मात्रै वित्तीय समानीकरण अनुदान हस्तान्तरण गरेको थियो । देशभरिका पालिकाले बजेट ल्याउने अन्तिम दिन संघ सरकारले वित्तीय समानीकरण अनुदान पठाउने निर्णय गरेको थियो । अन्तरसरकारी वित्तीय हस्तान्तरण ऐन अनुसार १० असार सम्म पालिकाले बजेट ल्याइसक्नुपर्ने हुन्छ । स्थानीय तहले संघीय सरकारले चालु आवको बजेटमा घोषणा गरेको वित्तीय हस्तान्तरण रकम कटौती गर्दा बजेट निर्माण नै प्रभावित भएको भन्दै विरोध गरेपछि गत आवमा वित्तीय समानीकरण अनुदान ९३ प्रतिशत पुर्‍याएको थियो ।

त्यसअघि ९ माघ २०८० मा मन्त्रिपरिषद् बैठकले समानीकरण अनुदानको अधिकतम सीमा ७४.११ प्रतिशत राख्ने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा महालेखा नियन्त्रकको कार्यालयले १२ वैशाख २०८१ मा सबै कोष तथा लेखा नियन्त्रकको कार्यालयलाई पत्राचार गरी वार्षिक अनुदानको अधिकतम सीमा ७४.११ प्रतिशत राखेको थियो ।

वित्तीय समानीकरण अनुदान कटौती भएपछि देशभरिका स्थानीय तहले सिंहदरबार घेर्ने चेतावनी दिएका थिए । स्थानीय तहको चर्को विरोधपछि संघ सरकारले निर्णय सच्याउँदै ७४.११ बाट ९३ प्रतिशतको सीमा पुर्‍याएको थियो । त्यसअघि २०७९/८० मा पनि अन्तिम किस्ताको २५ प्रतिशत वित्तीय समानीकरण अनुदान कटौती भएको थियो ।

रैथाने खाजाको प्रवर्द्धन गर्दै मकवानपुरगढी

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ मकवानपुरगढी गाउँपालिकाले रैथानेबालीको संरक्षण गर्नुका साथै रैथाने खानाको प्रयोगलाई प्राथमिकता दिने भएको छ । पालिकाले यहाँ हुने मेला, महोत्सवमा रैथाने बालीबाट बनेका खाद्य परिकारलाई प्राथमिकता दिने भएको हो ।

मकवानपुरगढी कृषि विकास शाखाको आयोजनामा भएको रैथानेबाली खाद्य परिकार मेलामा यहाँका स्थानीय स्तरमै उत्पादन भएका खाद्यान्न बिक्रीका लागि राखिएको थियो । आफ्नै माटो, आफ्नो जात, स्वस्थ्य जीवनको आधार भन्ने नाराकासाथ जुनेलोको लड्डु, कोदोको बिस्कुट, निम्की, फापरको सेल, फुलौरा, स्थानीयस्तरमा पाइने पिँडालु खाजाकारुपमा मेलामा राखिएको थियो । यहाँ स्थानीयस्तरमा उत्पादन भएको अमला, भटमास, कोदो, लोकल राजमा, मास, सेतो सिमी, तितेफापर र तरकारी बिक्री गरिएको हो ।

पालिकाले रैथानेबालीको संरक्षण र प्रवर्द्धनका लागि सामुदायिक विद्यालयमा विद्यार्थीका लागि दिइने दिवाखाजामा समेत रैथानेबालीको प्रयोग गर्दै आएको छ । कार्यपालिकाले निर्णय गरेरै पालिकामा रहेका सामुदायिक विद्यालयलाई हप्तामा कम्तिमा एकपटक रैथानेबालीको खाजा खुवाउनु पर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तानले जानकारी दिए ।

त्यस्तै यहाँ उत्पादन भएको रैथानेबालीको मूल्य निर्धारण पनि गरिएको कृषि शाखाप्रमुख गोपाल लम्सालले जानकारी दिए । गाउँपालिकाले किसानका लागि उन्नत बीउ वितरण, संकलन र बजारीकरणका लागि सहजीकरण गर्दै आएको जानकारी दिर्दै उनले जग्गा भाडामा लिएर खेती गर्ने कृषकलाई प्रोत्साहन गर्दै आएको बताए ।

अखिल (क्रान्तिकारी)को औद्योगिक क्षेत्र भ्रमण

साझाकुरा संवाददाता

हेटौंडा, २९ माघ/ अखिल(क्रान्तिकारी) हेटौंडा क्याम्पस समितिको सक्रियतामा हेटौंडा क्याम्पसमा अध्ययनरत विद्यार्थीले हेटौंडा औद्योगिक क्षेत्रमा रहेका विभिन्न उद्योगको अध्ययन अवलोकन गरेका छन् ।

सैद्दान्तिकसँगै ब्यावहारिक स्थलगत अध्ययनको लागि औद्योगिक क्षेत्रको भ्रमण तथा अवलोकन कार्यक्रम गरिएको अखिल (क्रान्तिकारी) हेटौंडा क्याम्पसका उपाध्यक्ष राजकुमार रसाइलीले बताए । क्याम्पसमा अध्ययनरत करिब ४० विद्यार्थीको समूह हेटौंडा औद्योगिक क्षेत्रका विभिन्न उद्योगको बस्तुस्थिति, उद्योग सञ्चालनको प्रक्रिया, उद्योगमैत्री वातावरणलगायतको जानकारी एवम् अध्ययनको लागि अवलोकन भ्रमण आयोजना गरिएको हो ।

हेटौंडाको औद्योगिक क्षेत्रमा रहेको मल्टिनेसनल कम्पनी एनटार्टिक बिस्कुटस, स्यानिटरी प्याडलगायत अन्य हाइजेनिक बस्तु उत्पादन गर्ने कम्पनी सेफ्टी हाइजिन प्रालि, कार्टुन उत्पादन गर्ने कम्पनी मालिका प्याकेजिङ प्रालि र हाल बन्द रहेको उद्योग हेटौंडा सिमेन्ट इन्डस्ट्रिजको अवलोकन गरिएको थियो । अबलोकनमा अखिल (क्रान्तिकारी) मकवानपुर अध्यक्ष बुद्धराज अर्याल, उपाध्यक्ष दीपक वाइबा, सदस्य मिनेश पुडासैनी, अखिल (क्रान्तिकारी) हेटौंडा क्याम्पसका उपाध्यक्ष राजकुमार रसाइली, सचिव ईश्वर ढुङ्गेल, अखिल (क्रान्तिकारी) फोर्स मकवानपुरका सदस्य रबिन चौलागाईंलगायतको रहेका थिए ।

माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

हेटौंडाबाट छुट्ने समय	सिन्धुलीबाट छुट्ने समय	चकमकेबाट छुट्ने
बिहान : ७:३० बजे	बिहान: ९:०० बजे	बिहान : ६:०० बजे
बिहान : १०:०० बजे	दिउँसो : २:३० बजे	विहान : ९:०० बजे
दिउँसो : १:३० बजे	दिउँसो : १२:१५ बजे	

नोट :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।

"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५२१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

|| बिशेष आकर्षण ||

हेटौंडा आईडल

हेटौंडा आईडल
Construction Expo-2

सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना